# विरुवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# स्याङ्जा, गण्डकी प्रदेश

# वार्षिक बजेट, योजना तथा कार्यक्रम
## आ.व. २०८०।०८१

२०८० असार २९

# विरुवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# स्याङ्जा, गण्डकी प्रदेश

## नीति तथा कार्यक्रम
## आ.व. २०८०।०८१

**२०८० असार २९**

**विरुवा गाउँपालिकाको मिति २०८० साल असार २९ गते १३ औं गाउँसाभा विरुवा गाउँपालिका अध्यक्ष श्री सूर्य बहादुरक कूँवर ज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०८०।८१ को नीति तथा कार्यक्रम ।**

**आदरणीय सभा उपध्यक्षज्यू,**
**सभाका सदस्यज्यूहरु,**

यस गरिमामय सभामा विरुवा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिका विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरण संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएको ऐतिहासिक जनआन्दोलन शसस्त्र संघर्ष एवं सामाजिक परिवर्तनका क्रममा सहदत प्राप्त गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति यस घडीमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । साथै बेपत्ता र घाईते नागरिक प्रति सम्मान व्यक्त गर्दछु । नेपालको युगान्तकारी परिवर्तनका लागि भएको लोकतान्त्रीक आन्दोलनमा नेतृत्वदायी योगदान पु-याउनु भएका नेपाल कम्यूनिष्ट पार्टीका संस्थापक नेता स्व. क.पुष्पलाल श्रेष्ठ, जननेता स्व.मदन भण्डारी, लोकप्रिय प्रधानमन्त्री मनमोहन अधिकारी, जननायक स्व. वि.पि. कोईराला, स्व.गणेशमान सिंह तथा संघियता प्राप्तका लागि बिभिन्न आन्दोलनमा बिरुवा गाउपालिका लगायत देशभरबाट आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।
समृद्ध विरुवा, सुखी विरुवाबासी बनाउने हाम्रो संकल्प, समस्त विरुवा वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिने छ ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिएको छ।

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाई समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तान्तरणमा नकारात्मक असर पुगेको छ ।
नेपालले जनसांख्यिक लाभ लिदै अल्पविकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सवैलाई गम्भीर वनाएको छ ।आन्तरिक र वाह्य बसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेतवारी बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युवालाई देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि विरुवा गाउँपालिकाले स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।
सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन विरुवा गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि विद्युतीय सुशासन प्रणालीलाई सेवा प्रवाहमा व्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ ।

## विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

### विद्यमान अवसरहरूः

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छनः

१ संविधानत: अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२ आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३ विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४ गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५ सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६ सडक निर्माणमा भएको लगानी संगै गाउँपालिका भित्र उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।
७ घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु ।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छनः

१ रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२ कृषकलाई बजारको सूचना समयमा नै उपलब्ध गराउनु ।

३ गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।

४ युवा जनशक्तिलाई कृषि व्यवसाय प्रति आकर्षित गर्नु ।

५ व्यवसायिक कृषकको संख्या वृद्धि गर्नु ।

६ वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।

७ निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८ सडक लगायतका पूर्वाधारको उपयोग योजना,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९ भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका बस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

१० अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।

११ वैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

१२ सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु ।

१३ प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगा गिट्टी ,बालुवा) को मापदण्ड अवलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।

१४ विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाले कार्यान्वयनमा ल्याएका कानुनी प्रावधान समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ । साथै विरुवा गाउँपालिकाको प्रथम आवधिक योजना(२०८०/८१-२०८४/८५) समेतको आधारमा विरुवा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।
गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा विरुवा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी बनाइनेछ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तीय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तीय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।
यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइने छ ।

## चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण

### भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धी

**सडक यातायातः**

यस गाउँपालिकामा हाल सम्म १७ किमि पक्कि सडक,६१ किमि ग्राभेल सडक, ४० किमि धुले वा कच्ची सडक रहेको छ । गाउँपालिकाका सबै वडामा सडकको पहुँच पुगेको छ।गाउँपालिकाले विभिन्न बस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ ।गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाई सुदृढ वनाइएको छ ।

**सिंचाइः**

गाउँपालिकाका विभिन्न वडामा गरी कूल ५० हे. मा सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएको छ ।जलवायु परिवर्तनको प्रभावका कारण डिजाईन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएको छ ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी**

विरुवा गाउँपालिकामा १० शैय्याको अस्पताल निर्माण प्रकियामा रहेको छ। कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ ।

विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ ।युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदानहरु निर्माण भएका छन ।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार) का क्षेत्रमा भएका उपलब्धी**

हाल सम्म विरुवा गाउँपालिकामा १० किमि कृषि सडक निर्माण भएको छ । १ वटा कृषि उपज संकलन केन्द्र निर्माण भै सञ्चालन हुने क्रममा रहेको छ । कृषि सहकारी संस्थालाई व्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्प्रेरित गरिएको छ ।गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्द्धन गर्ने कामलाई व्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएको छ । रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ ।प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सूचीकृत बेरोजगारहरुलाई १०० दिनको न्यूनतम रोजगारी सुनसश्चित गरिएको ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापनलाई समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार गरिएको छ । विरुवा गाउँपालिकामा रहेका सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन व्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएको छ।दिगो फोहर व्यवस्थापनका लागि अध्ययन गरी नयाँ प्रविधिमा आधारित भै केही असल अभ्यासको थालनी भएको छ ।

**सुशासन तथा संस्थागत विकास**

विरुवा गाउँपालिकाले हालसम्म ३० वटा ऐन, ५ वटा नियमावली, ३९ वटा कार्यविधि, २ वटा मापदण्ड र ३ वटा निर्देशिकाहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।गाउँपालिकाले संगठन

तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ ।गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र मातहतका कर्मचारीहरु विच कार्यसम्पादन सम्झौता गरि कर्मचारीको कार्यसम्पादनलाई नतिजामुखी र मापनयोग्य बनाई सोको आधारमा पुरस्कार र सजायको व्यवस्था गर्ने र सेवा प्रवाहमा प्रभावकारीता, गुणस्तरीयता र विश्वसनियता कायम गरि शुशासन पर्वद्धन गर्ने तर्फ अग्रसर भएको छ । यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ६६.५ अंक प्राप्त गरेको छ ।

उपाध्यक्ष महोदय,
अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

### १. <u>योजनाबद्ध विकास</u>

१. आयोजनाको आवश्यकता, महत्व र त्यसबाट प्राप्त हुने उपलब्धिको आधारमा योजनाहरुको प्रथामिकता निर्धारण गरि सोको आधारमा बजेट व्यवस्था र कार्यान्वयनको नीति लिईने छ । आवधिक योजना तथा विषय क्षेत्रगत योजना निर्माण गरि योजनाबद्ध, मापनयोग्य र सूचकमा आधारित विकासको नीति लिईने छ । यसै वर्ष निर्माण भएको विरुवा गाउँपालिकाको प्रथम पञ्चवर्षिय आवधिक योजना (२०८०/०८१-२०८४/०८५) को आधारमा आयोजनाको छनौट, बजेट विनियोजन र कार्यानन्वयन गर्ने नीति लिईने छ ।

### २. आर्थिक विकास

१. स्थानीय आर्थिक विकासलाई योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना तथा कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिईने छ ।

२. नव प्रवर्तन र उद्यमशीलता प्रवर्द्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिने छ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तीय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्द्धन र विशिष्टिकृत वस्तुको उत्पादन तथा बजारीकरण समेटिने छन ।

#### क. उद्योग तथा पर्यटन

१. औद्योगिक तथा व्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ, चेम्बर्स अफ कमर्श सँग साझेदारीको नीति लिइने छ। औद्योगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाउने नीति लिईने छ।
२. औद्योगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिने छ । उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकृत र प्रभावकारी बनाउने नीति लिईने छ ।
३. लगानीमैत्री नीति तथा औद्योगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइने छ। वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको व्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्न विशेष पहल गर्ने नीति लिईने छ ।
४. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गर्ने नीति लिईने छ । गाउँपालिका र वाहिर अन्य गाउँपालिका संग सहकार्य गरी नेपाल पर्यटन बोर्डको सहलगानीमा पर्यटकिय पूर्वाधार निर्माण गर्ने नीति लिईने छ ।
५. विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिने छ। विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादन पाहुनाको रुपमा राख्न घर छनौट गर्ने नीति लिईने छ ।
६. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गर्ने नीति लिईने छ ।

**ख. कृषि तथा पशुपंक्षी**

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा व्यावसायिक कृषि कार्यक्रम संचालन गर्ने नीति लिईने छ ।
२. **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाईनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराउने नीति लिईने छ ।
३. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गर्ने नीति लिईने छ । गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गर्ने नीति लिईने छ ।

४. व्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतीकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गर्ने नीति लिईने छ ।

५. कृषि उत्पादनको मुल्य श्रृंखलाको विकासलाई थप प्रभावकारी वनाउने क्रममा कृषि उपजको बजारीकरणका लागि **कृषि बजार प्रणाली सप्टवयर** निर्माण गरी कार्यान्वयनमा ल्याउने नीति लिईने छ ।

६. ग्रामिण क्षेत्रको विकासको मेरुदण्ड कृषि नै रहेको हुँदा कृषि उत्पादन वृद्धि गर्नका लागि विशेष कार्यक्रम संचालन गरिने छ । बिउ उत्पादन क्षेत्र घोषण गरी बिउ उत्पादन कार्य शुरु गरिने छ । जसका लागि प्रदेश सरकार र केन्द्र सरकारसंग सहकार्य गरिने छ । गाउँपालिका भित्रका वडाहरुको भौगोलिक अवस्था, उर्वर भुमिको अवस्था रसिंचाईको अवस्थालाई समेत ध्यान दिँदै विभिन्न क्षेत्रमा नमुना माटो परिक्षण गरी सोही आधारमा विभिन्न बालिहरुको पकेट क्षेत्र घोषणा गरि पकेट क्षेत्रहरु विस्तार गर्ने नीति लिइने छ ।

७. कृषि तथा पशु व्यवसायको अनिवार्य बिमाको व्यवस्था लाई निरन्तरता दिँदै कृषक र गाउँपालिका बिच ५०/५० प्रतिशत साझेदारीमा आधारित कार्यक्रम संचालनमा ल्याईने नीतिलाई निरन्तरता दिईनेछ ।

८. कृषकका उत्पादनलाई बजारीकरणमा सहयोग पुयाउने हेतुले विरुवा-१, विरुवा बजारमा कृषि उपज संकलन केन्द्र संचालन गरिने छ । कृषकले उत्पादन गरेका कृषि उपजलाई बजारको सुनिश्चितता गर्न पहिला चरणमा बिरुवा बजारमा गाउँपालिका स्तरिय हाट बजार सचालनमा तथा क्रमिक रुपमा अन्य बजारउन्मुख वडाहरुमा समेत हाटबजार सचालन गर्ने नीति लिईने छ । साना किसानहरुको आय स्तरलाई माथि उकास्नको लागि साना व्यावसायिक किसान पहिचान गरि कृषक अनुदान कार्यक्रम अगाडी बढाउने नीति लिईनछ । उत्पादन र उत्पादकत्व बढाउनको लागि बिरुवा गा.पा .भित्रका कृषकहरुलाई यान्त्रीकरणको प्रयोग, न्यूनतम मूल्यमा बिउ तथा मल वितरण जस्ता कार्यकमलाई अगाडी बढाई आगामी वर्षहरुमा पनि थप गर्दै लैजाने नीति लिईनेछ ।

९. सुन्ताला, कागति सुपरजोनको कार्यक्रम लागु, अदुवा, बेसार कफि तथा विभन्न जातका फलफुल, तरकारी मासु जस्ता पद्धार्थमा विरुवा गाउँपालिकालाई आत्मनिर्भर बनाई आयात निरुत्साहा तथा निर्यात पर्वद्धन गर्ने नीति लिईने छ । त्यस्ता उत्पादनमा आवश्यक अनुदानको व्यवस्था गर्ने नीति लिदै निजि क्षेत्र, सहकारी र पालिकाको संयुक्त साझेदारीमा कृषि उपज संकलन केन्द्र संचालन गर्ने र कृषि एम्बुलेन्स सेवा मार्फत बजार सुनिश्चितता गर्ने नीति लिईनेछ ।

१०. एक वडा एक कृषि तथा पशु प्राविधिकको नीतिको निरन्तरता, प्रभावकारीता कायम गर्दै विस्तार गर्ने नीति लिईने छ । पशुपालनमा आधुनिकिकरणको लागि कृत्रिम गर्भाधानको

व्यवस्था मिलाईने छ। प्रयोगविहिन रुपमा रहेका माछा पोखरीको संरक्षण तथा विस्तारका लागी कार्यक्रम संचालन गरि आगामी वर्षहरुमा पनि थप गर्दै लगिने व्यवस्था मिलाईने छ ।

११. कृषि उपजको न्युनतम समर्थन मूल्य कायम गरी गाउँपालिका भित्रका कृषकहरुको उत्पादनको बजार मूल्यमा एकरुपता कायम गरिनेछ ।

१२.बाँझो रहेको जमिनमा अनिवार्य खेति गर्न प्रोत्सहान गर्दै त्यस्ता जग्गाहरु समूह, सहकारी वा इच्छुक कृषकहरुलाई लिज/भाडामा दिने व्यवस्था मिलाइने छ ।

**ग. सहकारी**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइने नीति लिईने छ । उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।

२. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइने छ। सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर सृजना गरी गरिबी न्यूनीकरण गर्ने योजनालाई निरन्तरता दिइने छ।

कृषि लगायत विषयगत सहकारीलाई सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाई कठोर रूपमा कार्यान्वयन गर्ने नीति लिईने छ ।

**घ. गरिबी निवारण तथा रोजगारी**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत एक घर एक रोजगार कार्यक्रमलाई निरन्तरता दिँदै आ.व. २०८०।८१ मा रोजगारी कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनको लागि पालिकाबाट साझेदारी गर्ने नीतिलाई निरन्नतरता दिईने छ।

२. गरिबीको रेखामुनी रहेको जनताहरुको पहिचान गरी यसै वर्ष भित्र परिचयपत्र वितरण गरिने छ । सोको आधारमा सेवा सुविधा र सहुलियत प्रदान गर्दै आएकोमा यसलाई निरन्तरता दिईनेछ । कृषकहरुलाई उत्पादनको आधारमा अनुदानको व्यवस्था साथै सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउनको लागि आवश्यक कानुनको व्यवस्था गर्ने नीति लिईने छ ।

३. फुसको(खर) छाना भएका घर परिवारको लगत संकलन गरी प्राथमिकताको आधारमा फुसको छानालाई विस्थापित गर्ने नीतिलाई निरन्तरता दिँदै **घरबासै नभएका परिवारहरु पहिचान गरी आवास निर्माण गर्ने** कार्यक्रमको नीति लिईने छ ।

४. स्थानीय उद्योगी, व्यापारी र निर्माण व्यवसायीहरुको समन्वयमा स्वरोजगार कार्यक्रममा जोड दिँदै युवा जनशक्तिलाई स्थानीय क्षेत्रमा नै काम गर्ने वातावरण सृजना गर्ने नीति लिईएको छ । परम्परागत रुपमा संचालन गर्दै आईरहेका घरेलु उद्योगहरुलाई व्यवसायीक रुपमा संचालन गर्न प्रोत्साहन गर्ने नीति लिईने छ । वैदेशिक रोजगार छोडी गाउँफर्केका युवाहरुलाई वैकल्पिक रोजगारको व्यवस्था गर्न लागत साझेदारीको कार्यक्रम संचालन गरिने छ । साथै प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत उनीहरुको ज्ञान, सिप र दक्षता अनुसार रोजगार दिने प्रयत्न गरिने छ ।
५. परम्परागत रुपमा अवलम्बन गर्दै आएका पुख्यौंली पेशालाई घरेलु उद्योगको रुपमा विकास गर्ने नीति लिईने छ ।

## ३. सामाजिक विकास

### क. शिक्षा

१.आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सवै विद्यालयमा सो अनुसारको पठनपाठनको व्यवस्था मिलाउने नीति लिईने छ ।
२.गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिएको छ। पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिने व्यवस्था गर्ने नीति लिईने छ ।
३.विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गर्ने नीति लिईने छ ।
४.विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यावसायिक क्षमता विकासको लागि लगानी गरिने छ। अभिभावक विहिन बालबालिकालाई कक्षा १२ सम्म निशुल्क शिक्षा प्रदानको लागि विषेश व्यवस्था गर्ने नीति लिईने छ ।
५.अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्ने नीति लिईने छ ।
६.विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गर्ने नीति लिईने छ ।

७.संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति लिईने छ ।

८.सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गर्ने नीति लिईने छ ।

९."उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिने छ।

१०.विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिने छ।

११. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइने छ।

१२. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थापन, शैक्षिक पात्रो व्यवस्थापन, अद्यावधिक स्रोत व्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार व्यवस्थापन, अनलाईन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिने छ।

१३.गाउँपालिका भित्रका १० विद्यालयलाई गत आ. व. मा नमुना बालविकास केन्द्रको रुपमा विकास गरिएकोमा उक्त कार्यक्रमलाई निरन्तरता दिने नीति लिदै आगामि आ. व. मा थप विद्यालयमा पनि नमुना बालविकास केन्द्र क्रमस विकास गर्दै लैजाने नीति लिइने छ ।

१४. **"हाम्रो विद्यालय राम्रो विद्यालय, हाम्रो शिक्षक राम्रो शिक्षक, हाम्रो विद्यार्थी राम्रो विद्यार्थी"** भन्ने नारालाई आत्मसाथ गरिने छ । उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थीलाई उत्कृष्ट नतिजाको लागि उत्प्रेरित गर्न सम्मान गर्ने नीति लिईने छ ।साथै विद्यार्थीहरुलाई प्रोत्साहन गर्नका लागि अध्यक्षसंग विद्यार्थी कार्यक्रम संचालन गरिने छ। र **"गाउँपालिका अध्यक्ष अभिभावक विहिन बालबालिका शैक्षिक पहुँच कार्यक्रम"** लागु गरिने छ ।

१५.संघिय सरकारबाट सञ्चालनमा रहेको दिवाखाजा कार्यक्रमलाई गुणस्तरिय र प्रभावकारी बनाईने छ । सबै विद्यार्थीहरुको मासिक रुपमा तौल लिने तथा त्रैमासिक रुपमा स्वास्थ्य परिक्षणको व्यवस्था गरिएकोमा यस कार्यक्रमलाई थप प्रभावकारी बनाउने नीति लिईने छ ।

१६.**"हामि बनाउछौं हाम्रो विद्यालय राम्रो विद्यालय"** अभियानलाई निरन्तरता दिँदै सबै गाउँबासिलाई सामुदायिक विद्यालयको विकासको लागि जवाफदेहि, जिम्मेवार र उत्प्रेरित गर्ने नीति अवलम्बन गरिने छ ।

१७.विद्यार्थी संख्या न्युन रहेका सामुदायिक विद्यालयहरुलाई गाभ्ने तथा आवश्यकता अनुसार दरबन्दी मिलान गर्ने नीति लिईनेछ । शिक्षामा गुणस्तर कायम गर्न प्रविधिमैत्री विद्यालय, शिक्षक र विद्यार्थीको अवधारणालाई प्राथमिकता दिइनेछ । शिक्षक तथा कर्मचारिहरुको लागि क्षमता विकास तथा पूनर्ताजगी तालिम सञ्चालन गर्ने नीति लिईने छ । विरुवा गाउँपालिकाको पञ्चवर्षिय शैक्षिक गुरुयोजना आगामि आ. व. मा निर्माण गरी विद्यालय समायोजन र दरवन्दी मिलान गरिने छ ।साथै पालिकाबाट अनुमति प्राप्त विद्यालयहरुलाई दरवन्दी उपलब्ध नहुँदासम्म एकमुष्ठ अनुदान उपलब्ध गराउने नीति लिइनेछ ।

१८.सबै विद्यालयहरुमा बाल उद्यान, फूलबारी, करेसाबारी तथा हरियाली कार्यक्रम सञ्चालन गरि विद्यालयहरुलाई हराभरा ,मनोरम र आकर्षक बनाउन उत्प्रेरित गर्ने नीति लिइने छ ।

१९.प्राविधिक तथा व्यावसायिक शिक्षालाई गुणस्तरिय र प्रतिस्पर्धी बनाउदै संघीय सरकार तथा प्रदेश सरकारबाट सञ्चालन गरिने पढ्दै कमाउँदै तथा सिक्दै कमाउँदै जस्ता कार्यक्रमलाई प्रभावकारी बनाउन थप प्रोत्साहन प्रदान गर्ने नीति लिइने छ। साथै स्थानिय स्तरमा प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्था गरिने छ। विद्यार्थीहरुको सवार्ङगिण विकासको लागि नियमित रुपमा विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ । विद्यालय स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको दायरा बढाइनेछ । पालिका भित्रका विद्यालयहरु बिच शैक्षिक गुणस्तर सुधारको लागि स्वच्छ प्रतिष्पर्धा गर्ने वातावरण सृजना गर्ने नीति लिईने छ । पालिका भित्रका प्राविधिक शिक्षालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई निःशुल्क शिक्षाको प्रवन्ध मिलाइने नीति लिइनेछ ।

२०.विरुवा सामुदायिक सिकाइ केन्द्रलाई व्यवस्थित र प्रभावकारी बनाइने छ । यस केन्द्रको क्षमता विकास गरि निरन्तर शिक्षा संचालन तथा सचेतना फैलाउने काममा परिचालन गर्ने नीति लिईने छ ।

## ख. संस्कृति

१. गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला ,मूर्तिकला ,चित्रकला जस्ता कला संकेतहरुको निर्माण गर्ने नीति लिईने छ ।

२. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइने छ।
३. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला, साहित्य, संगीत लगायतको झाँकी प्रदर्शन गर्ने नीति लिइनेछ।
४. यस आ. व. मा विरुवा प्रज्ञा प्रतिष्ठान गठन भएकोमा उक्त प्रतिष्ठानलाई व्यवस्थित र प्रभावकारी बनाई विरुवा गाउँपालिकाको साहित्यिक, धार्मिक, साँस्कृतिक पर्वद्धन गर्ने नीति लिईने छ । प्रतिष्ठानलाई एक स्वायत्त संस्थाकोरुपमा स्थापित गर्ने नीति लिइनेछ ।

**ग. युवा तथा खेलकुद**

१. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाउने नीति लिईने छ ।
२. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवद्ध गर्ने नीति लिईने छ ।
३. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गर्ने नीति लिईने छ ।
४. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिने छ ।
५. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, व्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनीकरण र जिविकोपार्जनमा सहजीकरण गर्ने नीति लिईने छ ।
६. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गर्ने नीति लिईने छ ।
७. दलित, आदिबासी जनजाति ,गरिब तथा आर्थिक र सामाजिक रुपले पछाडि परेका युवाहरुलाई सरकारी सेवामा आकर्षित गर्न एक टोल एक सरकारी जागिर कार्यक्रम संचालन गर्न लोकसेवा तथा शिक्षक सेवाका तयारी कक्षाहरु सञ्चालन गरिने छ । संघ तथा प्रदेश सरकार संगको समन्वयमा बेरोजगार युवाहरुलाई सिपमुलक तालिम प्रदान गरि स्वरोजगार बनाउने नीति अवलम्बन गरिने छ ।

८. **"बनाउँ कृषि चलायमान हुदैनन् युवा पलायन"** भन्ने नारालाई जोड दिँदै व्यावसायिक कृषि गर्ने युवा तथा युवा समुहलाई प्रोत्साहन गर्ने गरि कार्यक्रम सञ्चालन गर्ने नीतिमा जोड दिईने छ ।

९. युवाहरुमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ । विरुवाको शान युवाको सम्मान भन्ने नारालाई जोड दिँदै साहित्य, कला, संस्कृति, संगीत अभिनय तथा खेलकुद मार्फत विरुवालाई चिनाउन योगदान पूर्याउने युवाहरुलाई सम्मान गर्ने नीति अवलम्बन गरिने छ ।

१०. २५ वर्ष भन्दा मुनिका युवाहरुको वैयक्तिक, सामाजिक तथा राजनैतिक नेतृत्व क्षमता विकास गर्ने उद्देश्यले युवा संसदको अभ्यास थालनि गर्ने नीति अख्तियार गरिने छ ।

११. एक वडा एक खेलमैदान निर्माण गर्ने नीति लीई यसै वर्ष कम्तिमा दुई वटा वडामा खेलमैदान निर्माण गरिने छ । निर्माणाधिन खेलमैदानहरुको स्तरोन्नतिको लागि संघ तथा प्रदेश सरकारसंग सहकार्य गरिने छ ।

१२. गाउँस्तरीय खेलकुद विकास समितिलाई शसक्त बनाइनेछ । हरेक वर्ष हुदै आएको अध्यक्षकप प्रतियोगिताको दायरा बढाई अन्य विद्याहरु समेत समेट्ने व्यवस्था मिलाईनेछ । विरुवा गाउँपालिकाको पहिचान बनेको भलिबल खेललाई थप प्रभावकारी बनाइनेछ अन्य सम्भावित खेलहरुको समेत पहिचान गरि विकासमा जोड दिइनेछ ।

### ग. लैङ्गिक समानता र सामाजिक समावेशीकरण

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने नीति लिईने छ ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गर्ने नीति लिईने छ ।

३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले जीवन निर्वाहको रुपमा अपनाई आएका परम्परागत पेशालाई व्यावसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गर्ने नीति लिईने छ ।

४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइने छ, सघन परिचालन गरिने छ ।

५. अपाङ्गता पुनस्थापनाको लागि पुनर्स्थापन गृह स्थापना गर्ने नीति लिईने छ ।

६. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गर्ने नीति लिईने छ ।

७. **"हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान"** अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलताको नीति लिइने छ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गर्ने नीति लिईने छ ।

८. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षणलाई थप प्रभावकारी बनाउने नीति लिईने छ ।

९. महिला उद्यमशिलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गर्ने नीति लिईने छ ।

१०. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रमलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाउने नीति लिईने छ ।

११. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गर्ने, हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान संचालन गर्ने र बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गर्ने नीति लिईने छ ।

१२. उपाध्यक्ष महिला विकास कार्यक्रम संचालन गरि गाउँपालिका भित्रका महिलाहरुको आर्थिक तथा सामाजिक उत्थानशिलता प्रवर्द्धन गरिने छ ।

**घ. स्वास्थ्य**

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँ गाउँपालिकाक्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापना सेवालाई सहज र नियमित बनाउने नीति लिईने छ ।

२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाउने नीति लिईने छ । सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने कार्यक्रम निरन्नतरता दिने नीति लिईने छ ।

३. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाई स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रमलाई निरन्नतरता दिने नीति लिईने छ ।

४. आर्थिक रुपमा अति विपन्न गाउँपालिकावासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाउने नीति लिईने छ ।

५. अर्गानिक खेतिको विस्तार गर्न र तरकारी तथा खाद्यान्नमा विषादी निरुत्साहन गर्न विशेष व्यवस्था गर्ने नीति लिईने छ ।गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधनका कार्यहरु संचालन गर्ने नीति लिईने छ ।

६. महिला स्वयंसेविकाहरुको क्षमता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी गर्ने नीति लिईने छ ।स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि

सार्वजनिक संस्था, निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ। लामो समय सेवा गरी अवकास लिन चाहने महिला स्वयंसेविकाहरुलाई प्रोत्साहन स्वरुप एकमुष्ठ अनुदान उपलब्ध गराउने नीति लिइनेछ ।

७. पालिका भित्रका सबै स्वास्थ्य चौकिहरुमा प्रयोगशाला स्थापना गरि ल्याब असिष्टेन्टको व्यवस्था गरी स्वास्थ्य संस्थाहरुको व्यवस्थापनलाई मजबुत बनाउदै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने नीति लिईने छ । स्वास्थ्यकर्मीहरुको मनोबल उच्च बनाइ सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन करारमा कार्यरत कर्मचारीहरुको लागी महङ्गी भत्ता तथा पोशाक भत्ताको प्रबन्ध गरिने छ ।

८. सुनौला हजार दिन कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । यस अन्तर्गत **"हेल्दी बेवी कम्पिटिसन कार्यक्रम"** सञ्चालन गर्ने नीति लिईने छ ।

९. विद्यालयहरुसंगको सहकार्यमा विद्यालयका शिक्षकहरुलाई प्राथमिक उपचार सम्बन्धी तालिम तथा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिने छ । सबै विद्यालयहरुमा प्राथमिक उपचारका लागि आवश्यक औषधी तथा सामाग्रीको व्यवस्था गर्ने नीति लिईने छ ।

१०. नागरिक आरोग्य केन्द्रको उचित व्यवस्थापन गरिने छ ।यस केन्द्र मार्फत समुदाय तथा विद्यालय तहमा योग शिविर सञ्चालन गर्ने नीति लिईने छ । सरुवा तथा नसर्ने रोग सम्बन्धि शिविर तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने नीति लिईने छ ।

११. आगामी तिन वर्षभित्रमा विरुवा गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्ने नीति लिइने छ । आगामि आर्थिक वर्ष भित्र कम्तिमा तिन वटा वडालाई पूर्ण सरसफाईयुक्त वडाको रुपमा घोषणा गर्ने नीति लिईने छ ।

१२. जन्मे देखि पाँच वर्ष मुनिका बालबालिकाहरुलाई दिइने सबै प्रकारका खोपहरु दिइ पूर्ण खोपको दिगोपना सुनिश्चिचता गर्ने नीति लिईने छ ।

**ङ. खानेपानी तथा सरसफाई**

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको संकलन तथा वितरणको व्यवस्था मिलाईनेछ ।

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती स्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाईनेछ।

३. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

४. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिने छ।

५. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइने छ।

६. प्लाष्टिकजन्य फोहोर नियन्त्रण तथा न्यूनीकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहान गरिने छ।

७. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

८. खानेपानी तथा सरसफाइको सेवालाई प्रभावकारी बनाउन प्रारम्भिक स्मार्ट वाटर सिस्टम लागु गरिने छ ।

**च. महिला**

१. महिला हिंसा, महिला शोषण तथा उत्पीडन नियन्त्रणको लागि विशेष व्यवस्था मिलाईनेछ । महिला हिंसा विरुद्दको १६ दिने अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ । महिला अधिकारको संरक्षण र प्रवर्द्दन तथा महिला शसक्तिकरणको लागि स्थानीय संघ संस्था आमा समुहहरु परिचालन गर्ने नीति लिईने छ । महिलाहरुलाई आर्थिक उपार्जनसंग जोड्ने नीति लिइने छ । त्यसको लागि व्यावसायिक तथा सिपमूलक तालिम प्रदान गरिने छ ।

२. **महिलाको नेतृत्वमा घरेलु उद्योग**को अवधारणा लिई स्थानीयस्तरका कच्चा पदार्थबाट सञ्चालन गर्न सकिने घरेलु उद्योगको स्थापना र सञ्चालनको लागि महिलाहरुलाई प्रोत्साहन गरिने छ । त्यस्ता घरेलु उद्योगबाट बनेका सामाग्रीहरुको बजारीकरणको लागि आवश्यक प्रबन्ध मिलाउने नीति लिईने छ ।

**छ. बालबालिका**

१.पालिका स्तरीय बालक्लब गठनको व्यवस्था गरिने छ । पालिका तथा समुदायस्तरमा गठन गरिने बालबालिका सम्बन्धि कुनै पनि समिति वा समुहमा बालबालिकाको प्रतिनिधित्व अनिवार्य हुनुपर्ने व्यवस्था मिलाउने नीति लिईने छ । बालहिंसा, बालशोषण, बालविबाह जस्ता विकृतिको नियन्त्रण गर्न स्थानीय स्तरका संघ, संस्था तथा विद्यालयहरुलाई परिचालन गर्ने नीति अवलम्बन गरिने छ ।

२.पालिकास्तरबाट बन्ने हरेक संरचनाहरु बालमैत्री तथा अपाङ्गमैत्री बनाइनेछ । अपाङ्गता भएका बालबालिकाहरुको तथ्याङ्क संकलन गरि त्यस्ता बालबालिकाहरुको लागि निशुल्क शिक्षाको व्यवस्था गर्ने नीति लिईने छ ।बाबुआमा तथा परिवारका

अन्य सदस्य गुमाइ साहाराबिहिन भएका बालबालिकाहरुको तथ्याङ्क संकलन गरि त्यस्ता बालबालिकाहरुको शिक्षा, स्वास्थ्य तथा दैनिक जिवननिर्वाहको लागि आवश्यक व्यवस्था गर्ने नीति अख्तियार गरिने छ ।

**ज. अपाङ्ग**

१. अपाङ्गता भएका व्याक्तिहरुको लागि उनिहरुको क्षमता अनुसारका सिपमुलक तालिमहरु प्रदान गरि आत्मनिर्भर बनाउने नीति लिइने छ ।

**झ. जेष्ठनागरिक**

१. जेष्ठ नागरिकहरुको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै हरेक तिन तिन महिनामा घरमै गई स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाईनेछ । समुदायस्तरमा रहेका जेष्ठनागरिक दिवा सेवा केन्द्र, सामुदायिक भवन तथा आमा समुहका भवनहरुलाई जेष्ठ नागरिक मिलन केन्द्रको रुपमा विकास गरि ति केन्द्रहरुमा मनोरञ्जनको लागि संस्कृति अनुसारका मनोरञ्जनका साधनहरुको व्यवस्था गरिने छ ।

२. जेष्ठनागरिकका ज्ञान सिप तथा अनुभवहरु नयाँ पुस्तामा पुस्तान्तरण गर्नको लागि त्रैमासिक रुपमा हरेक वडामा **"अध्यक्षसँग जेष्ठ वृद्ध"** कार्यक्रम सञ्चालन गरिने छ ।

३. परिवारका सदस्य बिहिन एकल जेष्ठ नागरिकको तथ्याङ्क संकलन गरिने छ । त्यस्ता व्यक्तिहरुको जिवनयापन सहज होस भन्ने उद्देश्यले नेपाल सरकारले दिँदै आएको सामाजिक सुरक्षा भत्तामा पालिकाको तर्फबाट थप गर्ने व्यवस्था गर्ने नीति लिईने छ ।

## ४. पूर्वाधार विकास

१. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिने छ ।

२. विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिने छ ।

३. प्रभावकारी सम्पत्ति व्यवस्थापनका लागि सम्पत्ति व्यवस्थापन सूचना प्रणाली (Asset Management Information System) तयार गरी लागु गर्ने नीति लिईने छ ।

४. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार गर्ने नीति लिईने छ ।

५. पूर्वाधारका आयोजनाहरुमा गुणस्तर कायम गर्न प्राविधिक ल्यावको निर्माण गरी गुणस्तर परीक्षणमा आधारित भुक्तानी प्रणाली लागु गरिने छ ।

**क. स्थानिय सडक तथा झोलुङ्गेपुल**

१. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूलप्रवाहीकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी **"आयोजना बैंक"** तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइने छ।

२. दिर्घकालिन लगानी मार्गदर्शनका लागि गाउँपालिका सडक गुरुयोजना समायानुकुल परिस्कृत गरी कार्यान्वयनमा ल्याइनेछ।

३. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिने छ र त्यस्ता आयोजनामा स्रोतको अभाव हुन नदिने नीति लिईने छ ।

४. **"एक वडा-एक पार्क"** निर्माण नीतिलाई निरन्तरता दिइनेछ।

५. निर्माणाधिन गाउँपालिका बसपार्कलाई समयमै सम्पन्न गरी आगामी आ.व.बाट प्रयोगमा ल्याइनेछ।

६. स्थानिय सडकहरुको आवश्यकता ,महत्व तथा प्रयोग र त्यसले समेट्ने क्षेत्रको आधारमा गाउँपालिकाका रणनीतिक सडक छनौट गरि विशेष महत्वका साथ अगाडि बढाउने नीति लिईने छ । गाउँपालिका रणनीतिक सडकमा कम्तिमा तत्काल पक्की नाला सहित ग्राभेल र दिर्घकालमा कालोपत्रे गर्ने नीति लिईने छ ।

७. संघीय सरकार र प्रदेश सरकार सँगको सहकार्यमा जिल्ला सदमुकाम जोड्ने प्रथम रणनीतिक सडकको रुपमा राङखोला -धोबादी -विरुवा सडकको राङखोला-धोवादी खण्डलाई २ वर्ष भित्र कालोपत्रे सहित स्तरोन्नती गरिने छ ।

८. ज्यागदी करिडोरलाई विरुवाको गौरवको सडकको रुपमा विकास गर्ने नीति लिदै ४ वर्षभित्र कालोपत्रे सहित स्तरोन्नती गर्ने लक्ष्य लिईने छ ।

९. प्रथम रणनीतिक सडक ,गौरवको सडक र रणनीतिक सडकमा पर्ने ठूला खोला र नदिमा मोटरेबल पूल निमार्णको नीति लिईने छ । सो को लागि संघिय सरकार र प्रदेश सरकार सँग सहकार्य गर्ने ४ वर्ष भित्र डि.पि.आर .सम्पन्न भएका विभिन्न पुलहरुको निर्माण गरि सक्ने नीति लिईने छ ।

१०. ३० मिनेट भन्दा बढी समय यात्रा छोटीने स्थानमा झोलुङगे पुलको अबधारणा विकास गरि संघिय ,प्रदेश सरकार र विभिन्न संघ सस्था संगको समन्वय ,सहकार्य र साझेदारीमा निर्माण गर्ने नीति लिईने छ ।

११. **जनताको योजना जनताकै साझेदारी** विरुवा गाउँपालिका वजार उन्मूख बस्तिहरु जस्तै विरुवा बजार चिन्नेबास ,मेथाभुरुङ , कुसुमभञ्याङका भित्री सडक गाउँपालिकाको ७० प्रतिशत र सम्बन्धित उपभोक्ताको ३० प्रतिशत साझेदारीमा ढलान गर्ने नीति लिईने छ ।

१२. गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिने छ।

## ख. सिंचाई

१. **कृषि भूमिमा पानी सिंचाईमा लगानी** भन्ने अवधारणा अनुरुप गाउँपालिका भित्रका खेतीयोग्य जमिनहरुमा सिंचाईंको प्रबन्ध मिलाउने नीति लिईने छ । चिन्नेबास ,गैरी , विरुवा ,सामाडाडा लगायतका फाँटहरुमा ५ वर्ष भित्र १२ महिना सिंचाई सूविधा पुर्याउने नीति लिईने छ ।

२. खोला नदिबाट सिचाई सुविधा पुर्याउन कठिनाई हुने स्थानमा लिफ्टीङ सिंचाई योजना संचालन गर्ने नीति लिईने छ ।

## ग. भवन तथा सहरी विकास

१. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी बस्ती विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा बस्ती विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गर्ने नीति लिईने छ ।

२. आवासको हकलाई सुनिश्चत गर्न सुरक्षित तथा रोजगारीको समेत व्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिने छ । यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्ने नीति लिईने छ ।

३. एकिकृत शहरी तथा बस्ती विकास योजनाद्वारा निर्दिष्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइने छ ।

४. नेपाल राष्ट्रिय भवन संहिता २०६०, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

५. गाउँपालिका क्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको अनिवार्य व्यवस्था गर्नु पर्ने नीति लिइने छ। आवासीय भवनमा **"एक घर-एक विरुवा"** नीतिलाई निरन्तरता दिइनेछ।

६. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजीकरण गरिने छ।गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइने छ।

७. **दिगो र पर्यावरण मैत्री विकास, हरियालीयुक्त बस्ती र सुरक्षित आवास भन्ने कार्यक्रम**लाई आत्मसाथ गर्दै गाउँपालिका सदरमुकाम लगायत सबै वडामा रहेका आवासयोग्य स्थानहरुमा एकीकृत वस्ती विकासको कार्यक्रमलाई अघि बढाउँदै साना शहरको रुपमा विकास गर्ने नीति लिईने छ । यसरी वस्ती विकास गर्दै गर्दा जैविक विविधताको संरक्षण, जलवायु प्रणालीलाई सन्तुलित र प्राकृतिक स्रोतहरुको दिगो व्यवस्थापनका लागि स्थानीय समुदायलाई परिचालित गरिने छ ।

८. गाउँपालिका र वडा कार्यालयका अत्याधुनिक ,सेवाग्राहि मैत्रि ,अपाङ्ग मैत्री प्रशासनीक भवन निर्माण गर्ने नीति लिईने छ । यसै आ.व. मा ८ नं .वडा कार्यालय र गाउँ कार्यपालिकाको प्रशासनिक कार्य नव निर्मित भवन बाट सुरु भएको छ । साथै आगामि आ.व .मा वडा कार्यालय नभएका र जिर्ण भएका वडाको अत्याधुनिक वडा कार्यालय भवन निर्माण गर्ने नीति लिदै कम्तिमा २ वटा वडा कार्यालयका अत्याधुनिक वडा कार्यालय भवन निर्माण गरिने छ ।

९. खोला किनार, खोल्सी, पहाडको फेदी तथा सडकको मापदण्ड निर्धारण गरी भवन निर्माणको मापदण्ड तथा आचार संहिताको पुर्ण रुपमा कार्यान्वयन गरिने छ । भवन मापदण्ड तथा आचारसंहिताको उलङ्घन गरेमा गाउँपालिकाबाट प्रदान गरिने सेवामा रोक लगाउने नीति लिईने छ । आगामी आ.व. देखी घरनक्सा पास अनिवार्य गरिनेछ ।

१०. **स्थानीय समूदायको माग ,लगानी र साझेदारी** मागका आधारमा लाभान्वित समुदायको कम्तिमा ५० प्रतिशत साझेदारी रहने गरि विपद व्यवस्थापनमा समेत सहयोग पुग्ने गरि सामुदायीक भवनहरु निर्माणको नीति लिईने र सो को लागि पूर्वाधार साझेदारी कार्यक्रम संचालन गरिने नीति लिईने छ ।

११. बिरुवा गाउँपालिका भित्र हुने सभा ,गोष्ठी ,सेमीनार ,तालिम लगायत कार्यको लागि **बहुउपयोगी सुविधा सम्पन्न सभाहल**को व्यवस्था गरिने छ।

१२. सामूदायिक भवन, पदमार्ग, सडक लगायत पूर्वाधार विकास र निर्माणमा व्याक्तिगत, जातिगत र सानो समूहगत लाभ भन्दा पनि समग्र सार्वजनिक लाभ र ठुलो क्षेत्र एवं समूदायको लाभलाई प्राथमिकतामा राखिनेछ ।

**घ. उर्जा**

१. सामुदायिक विद्युतीकरणलाई राष्ट्रिय विद्युत प्रशारणमा लाने नीति लिईने छ । सो को लागि संघिय सरकार सँग विशेष पहल गरि ५ वर्ष भित्र गाउँपालिका भित्रका सबै वडाहरुलाई राष्ट्रिय विद्युत प्रशारण लाईनमा जोड्ने नीति लिईने छ ।

२. विभिन्न स्थानहरुमा सुरक्षित सडक र उन्नत बस्तीको विकास गर्न सडक बत्ती जडानको नीति लिईने छ । ५ वर्ष भित्र गाउँपालिका भित्रका कम्तीमा २५ प्रतिशत मुख्य सडकहरुमा सडक बत्तीको सुविधा पुर्याउने नीति लिईने छ ।

३. गाउँपालिका भित्रका सामुदायिक विद्यालय, वडा कार्यालय एवं अन्य सरकारी कार्यालयहरुमा वैकल्पिक एवं नविकरणीय उर्जा प्रणाली जडान गर्ने नीति लिईने छ । घर घरमा वायोग्यास र सुधारिएको चुलो जडान कार्यलाई प्राथमिकता दिने नीति लिईने छ ।

**ङ. सञ्चार**

१. गाउँपालिका भित्रका सबै बस्तीहरुमा सूचना तथा संचार र प्रविधिको पहुँच पु-याउन आवश्यक प्रबन्ध मिलाउनुका साथै सार्वजनिक निजि साझेदारी मोडलमा सामूदायिक रेडियो संचालन गर्ने नीति लिईने छ ।

**४. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

**क. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता बढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्ने, न्यून हरित ग्यास उत्सर्जन गर्ने किसिमको विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृद्धि गर्ने नीति लिईने छ ।

२. पूर्वाधारका ठुला आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गर्ने नीति लिईने छ ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गर्ने नीति लिईने छ ।

४. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गर्ने नीति लिईने छ ।

५. विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने नीति लिईने छ ।

६. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गर्ने नीति लिईने छ ।

७. सार्वजनिक निजी साझेदारीमा निर्माण पूर्वाधार निर्माण गरी फोहोर मैला प्रशोधन केन्द्रलाई व्यावसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ।

८. भुकम्पीय जोखिम न्यूनीकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गर्ने नीति लिईने छ ।

९. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गर्ने नीति लिईने छ ।सम्वेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गर्ने नीति लिईनेछ ।

१०.विभिन्न स्रोतहरुको नक्सांकन (Resource Mapping) गरी स्रोतहरुलाई खेर जान नदिने र अधिकतम परिचालन तथा उपयोग गर्ने नीति लिइनेछ ।

११.सामूदायिक बन उपभोक्ता समितिहरुको अभिलेखिकरण गरी नियमानुसार करको दायरामा ल्याईने नीति लिईनेछ ।

## ५. सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. क्षमता विकास सेवा प्रवाह र सुशासन

१. प्रभावकारी सेवा प्रवाह ,पारदर्शिता ,जवाफदेहीता तथा प्रशासनिक शुसासनको पूर्ण रुपमा अभ्यास गर्दै यस विरुवा गाउँपालिका र वडा कार्यालयबाट संचालन गरिने सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ। गाउँपालिकाको क्षमता विकास योजना बनाई सबै कर्मचारीहरुलाई सेवाकालिन तथा क्षमता विकास तालिम उपलब्ध गराईनेछ। साथै विषयगत रुपमा आवाश्यक तालिम ,अभिमुखीकरण तथा अध्ययन भ्रमण जस्ता क्षमता विकास कार्यक्रमका लागि बजेट बिनियोजन गरी प्रभावकारी कार्यान्वयन गर्ने नीति लिईने छ ।

२. सार्वजनिक सुनुवाई ,सामाजिक परिक्षण ,सार्वजनिक परिक्षण लगायतका सार्वजनिक उत्तरदायित्वका औजारहरु प्रयोग गरी जवाफदेही शासन प्रणालीको स्थापना गरिने छ।सार्वजनिक सेवा प्रवाहको दिगो सुदृढीकरणका लागि संस्थागत स्वमूल्याङ्कन (LISA) , लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण (GESI AUDIT) तथा वित्तीय जोखिम मूल्याङ्कन (FRA) कार्यलाई निरन्तरता दिँदै सो क्रममा निर्माण गरिएका कार्ययोजनाहरुको कार्यान्वयनमा जोड दिने नीति लिईने छ ।

३. गाउँपालिका अन्तर्गत कार्यरत स्थायी ,अस्थायी एवं करार सेवामा कार्यरत कर्मचारीहरुको सेवाको सुरक्षा एवं स्थायित्वका लागि कर्मचारी कल्याण कोषलाई निरन्तर बृद्धि गर्दै लगिनेछ। गाउँपालिकाको सेवा प्रवाह गुणस्तरलाई थप प्रभावकारी बनाउन तथा सो बारेमा समिक्षा गर्न कार्यपालिका ,शाखा प्रमुख तथा वडा सचिब लगायत अन्य सरोकारवालाको सहभागितामा चौमासिक समिक्षा बैठक संचालन गरिने छ।

४. गाउँपालिकाको भौगोलिक अवस्थालाई मध्यनजर गर्दै पालिका तथा अन्य संघसंस्थासंगको समन्वयमा **नागरिकता ,घटना दर्ता ,विभिन्न परिचयपत्र वितरण ,योजना सम्झौता लगायतका विभिन्न कार्यक्रम संचालनका लागि वडागत रुपमा शिविर तथा एकीकृत घुम्ती** सेवा संचालन गरी नागरिकलाई सहज र सुलभ रुपमा सार्वजनिक सेवा पुर्याउने नीति लिईने छ ।

५. आम नागरिकको सुचनामा सहज पहुँच सिर्जना गर्न गाउँपालिकाका सम्पूर्ण सुचनाहरु वेभसाईटमा अद्यावधिक गरिने छ। गाउँपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरुमा नागरिक वडापत्रको प्रभावकारी कार्यान्वयनमा जोड दिने नीति लिईने छ ।

६. अन्य स्थानीय निकायहरुले गरेको नमुना विकासका मोडेलहरुको अध्ययन भ्रमण गरी सिकाई कार्यान्वयन गर्नका लागि अध्ययन भ्रमण तथा अनुसन्धानमूलक कार्य संचालनार्थ आवश्यक बजेट व्यवस्था गरिने छ। कर्मचारीको काम गर्ने वातावरणमा उच्च मनोवल कायम गर्न उचित प्रोत्साहनको व्यवस्था गर्ने नीति लिईने छ ।

७. गाउँपालिका लगायत अन्तर्गतका कार्यालयमा कर्मचारी दरबन्दी व्यावस्थापन गर्न यसै आर्थिक वर्षमा O & M Survey सम्पन्न भएकोमा सोहि बमोजिम दरबन्दी मिलान तथा कर्मचारीको व्यवस्था गरि सेवा प्रवाहलाई थप प्रभावकारी बनाईनेछ ।

८. गाउँपालिकाबाट हुने सबै प्रकृतिका भुक्तानीलाई आगामी आ.व.देखि फेसलेस र पेपरलेस बनाई विद्युतिय प्रणाली मार्फत भुक्तानी दिने व्यवस्था मिलाउने नीतिलाई निरन्तरता दिईनेछ ।

९. जनप्रतिनिधि ,कर्मचारी ,शिक्षक ,विद्यार्थी एवं आम नागरिकको ज्ञानको दायरा विस्तार गर्न विरुवा गाउँपालिकाको प्रशासनिक भवनमा सुविधा सम्पन्न पालिका स्तरीय पुस्तकालयको स्थापना गरिने छ ।

१०. विपद् व्यवस्थापन, उद्दार, शान्ती सुरक्षा र सेवा प्रवाहमा सहजीकरण गर्नको लागि पालिका प्रहरीको व्यवस्था गरि परिचालन गर्ने नीति लिइने छ ।

११. सम्रग गाउँपालिकाको योजना निर्माण, बजेट तर्जुमा लगायतका पक्षहरुमा आवश्यक सल्लाह सुझाव लिने प्रयोजनको लागि विज्ञसमुह गठन गरि परामर्श लिने नीति लिइने छ ।

१२. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिने छ।

१३. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिने छ।

१४. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो सुनुवाई प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिने छ।

१५. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

१६. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१७. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिने छ ।

१८. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

१९. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिने छ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

२०. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सापास, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागजविहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

२१. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन “हाम्रो गाउँपालिका” नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

२२. प्रशासन संयन्त्रको उत्प्रेरणा प्रवर्द्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइने छ।

२३. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँ, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिने छ ।

२४. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

२५. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिने छ।

२६. सार्वजनिक खर्चलाई वैज्ञानिक, अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

२७. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर सरकार समन्वय तथा सहकार्य नीति तर्जुमा गरिने छ।

२८. पालिका क्षेत्रभित्र रहेका कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई पेशागत दक्षता अभिवृद्धि गरी संस्थाको आवश्यकता र दक्षताको आधारमा आन्तरिक रुपमा चक्रिय सरुवा प्रणाली लागु गरी कार्यान्वयनमा ल्याईनेछ ।

**ख. सूचना तथा संचार प्रविधिः**

१.गाउँपालिकाको जनसांङख्यिक, प्राकृतिक, आर्थिक, समाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क, सार्वजनिक सम्पत्ति, सामुदायिक भवन, सडक, पसल, व्यवसायको विवरण सहितको तथ्याङ्क अभिलेख संकलन गरि **डिजिटल भिलेज प्रोफाइल** तयार गरिएकोमा सोको निरन्तर अद्यावधिक गर्ने तथा सो को प्रभावकारी प्रयोग गर्ने नीति लिईने छ ।

२.सेवा प्रवाहलाई अझ चुस्त, दुरुस्त र पारदर्शी बनाउन ८ वटै वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिने छ ।

३.मोबाइल टेलिफोन नेटवर्कमा सुधार गर्न टेलिफोन टावर स्थापनाका लागि सेवा प्रदायकसँग समन्वय गरि गुणस्तर विकास गरिने छ । दूरसंचार प्रणालिलाई सबै वडामा सर्वसुलभ बनाउन पहल गरिने छ । ICT प्रणालिलाई आधुनिकतम उपकरण उपयोग गरि प्रत्येक नागरिकलाई सुशुचित गरिने छ ।

४.सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न गाउँपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्यामबाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने सक्ने तथा सार्वजनिक गर्ने, वेवसाईट का साथै सोसल मिडियाहरु मार्फत सूचनाको व्यवस्था मिलाईनेछ । स्थानीय पत्रिका, एफएम रेडियो, केवल र टेलिभिजन मार्फत गाउँपालिकाका गतिविधिहरु आवश्यकता अनुसार प्रकाशन र प्रसारण गरिने छ । साथै

आगामी आर्थिक वर्ष देखि गाउँपालिकाले त्रैमासिक रुपमा आफ्नै एक सूचना पत्र प्रकाशित गर्ने व्यवस्था मिलाइने छ ।

५.सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि सबै वडामा रहेका अनलाईन प्रणालिलाई अझ भरपर्दो, गुणस्तरीय र प्रभावकारी बनाइने छ ।

६.गाउँपालिकाले लिने विभिन्न दस्तुर तथा करहरु पेमेन्ट गेटवे मार्फत भुक्तानीको व्यवस्था मिलाईने छ । कर्मचारीहरुको ई-हाजिरी व्यवस्थापन प्रणाली प्रयोग गरि मुल्याङ्कन गर्ने विधिलाई अझ व्यवस्थित गरिने छ ।

७.विरुवा गाउँपालिका कार्यालय र यस अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई सूचना तथा संचार प्रविधि सम्बन्धि नविनतम् ज्ञान र सिप विकासको लागि सो सम्बन्धी तालिमको व्यवस्था गरिने छ ।

८.डाटा सुरक्षा तथा साईवर सुरक्षा को व्यवस्था मिलाई कुनैपनी किसिमको साईवर हमला हुनबाट बचाइनेछ । आफ्नै माइक्रो लेभल डाटा सेन्टरको व्यवस्थापनका साथै गभर्मेन्ट क्लाउड बाट सबै ICT सिस्टमहरु संचालन गरिने छन् ।

९. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढीकरण गर्दै संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइने छ।

१०.विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

**ग. न्याय, कानून तथा मानव अधिकार**

१.न्यायिक समिति मार्फत संविधानले दिएको क्षेत्रधिकार भित्र रहि न्यायिक मेलमिलाप र निरुपण गरिने छ। मेलमिलाप कर्ताको छनोट र तिनिहरुको क्षमता विकास गरि समुदायस्तरमा मेलमिलाप तथा विवाद रहित समाज निर्माण गर्ने नीति लिईने छ ।न्ययिक समितिलाई तालिम तथा मेलमिलाप कर्ताकोलागि मेलमिलाप र न्यायिक निरुपण सम्बन्धि तालिम तथा क्षमता विकासको व्यवस्था मिलाईने छ।

२.न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाईनेछ।

३.न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिने छ।

४.मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिने छ।

५.न्याय सम्पादनको कार्यलाई थप व्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाई **डिजिटल जस्टिस सिस्टम** तयार गरी लागु गरिने छ ।

**६. राजस्व तथा आन्तरिक श्रोत परिचालन**

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली समयानुकुल परिमार्जन गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय र साझेदारी गर्ने नीति लिईने छ ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइने छ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनीकरण गर्दै लगिनेछ।सोको लागि गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गर्ने नीति लिईने छ । आगामि आ. व. मा विरुवा गाउँपालिकाको राजश्व सुधार योजना निर्माण गरिने छ ।

४. वडा कार्यालयहरुसँग समन्वय गरी घरवहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गर्ने नीति लिईने छ ।

५. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गर्ने नीति लिईने छ ।

६. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइने छ।कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

७. करदाताको कर लगतलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाई कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गर्ने नीति लिईने छ ।

**धन्यवाद । जय विरुवा गाउँपालिका ।**

सूर्य बहादुर कुवँर
अध्यक्ष
विरुवा गाउँपालिका, स्याङ्जा
मितिः २०८०/०३/०९

# विरुवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

# स्याङ्जा, गण्डकी प्रदेश

## बजेट वक्तव्य

## आ.व. २०८०।०८१

**२०८० असार २९**

**बजेट बक्तव्य**

विरुवा गाउँपालिकाका उपाध्यक्ष श्री भगवती शर्माज्यूले २०८०/०३/२९ गते गाउँपालिकाको तेह्रौँ गाउँ सभामा पेश गर्नु भएको बजेट बक्तव्य

**यस सभाका अध्यक्ष ज्यू,**

**सभाका सदस्यज्यूहरू,**

**गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य राष्ट्रसेवक कर्मचारीहरू ।**

१. नेपालको संविधान धारा २३० बमोजिम विरुवा गाउँ कार्यपालिकाले आर्थिक वर्षको राजश्व र व्ययको अनुमान गाउँ सभामा पेश गर्ने व्यवस्था भए बमोजिम यस विरुवा गाउँपालिकाको उपाध्यक्षको हैसियतले तेह्रौँ गाउँ सभामा आगामी आर्थिक वर्ष ०८०/८१ को लागि बजेट प्रस्तुत गरिरहँदा गौरवको महसुस गरेको छु । यस महत्वपुर्ण अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा ल्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण महान सहिदहरु तथा राष्ट्रप्रति समर्पित दिवङ्गत आदरणीय व्यक्तित्वहरुमा भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । राष्ट्रियता र स्वाधिनताको रक्षा गर्दै न्यायपुर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकताबद्ध रहेका यस विरुवावासी जनता र राजनीतिक नेतृत्व प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

२. यस विरुवा गाउँपालिकाले यस अघि **६** आर्थिक वर्षको बजेट तर्जुमा गरी पुर्ण रुपमा कार्यान्वयन भईसकेको छ । यस अवस्था सम्म आईपुग्दा संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यबाट श्रोत, साधन र अवसरको अधिकतम परिचालन गर्दै समृद्धि तर्फ अघि बढ्ने आधारशिला तयार भएको छ । विरुवा गाउँपालिकाको आवधिक योजनाले तय गरेको **"समृद्ध विरुवा, सुखी विरुवा बासी"** दिर्घकालिन सोच हासिल गर्ने मार्गमा दृढताका साथ अघि बढेको अवस्थामा विरुवा गाउँपालिकाले समेत सामाजिक न्याय सहितको तीब्र विकास, सुशासन सहितको जनउत्तरदायी स्थानीय सरकार र सभ्य, सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्दै पूर्ण लोकतन्त्र तथा समाजवाद उन्मुख स्थानीय अर्थव्यवस्था निर्माणका लागि विरुवा गाउँ कार्यपालिका प्रतिवद्ध छ ।

३. गण्डकी प्रदेशमा अवस्थित यस विरूवा गाउँपालिका प्राकृतिक श्रोत साधन, कृषि तथा पशुजन्य विकास, पर्यटनको विकासमा अद्वीतिय सम्भावना रहेको गाउँपालिका हो । सोही अनुरुप विरुवा गाउँपालिकाका जनताको जीवनस्तर वृद्धि र यस गाउँपालिका अन्तर्गत रहेका श्रोत साधनको अधिकतम तथा दिगो परिचालन तथा उपलब्ध अन्य अवसर र सम्भावनाहरुको उपयोग गरी पुर्वाधार विकासका साथसाथै आर्थिक सामाजिक विकासको निम्ति आधारशीला तयार भएको छ । चालु आर्थिक वर्षको विरुवा गाउँपालकाको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट सुशासन, विकास र समृद्धिको आधारशिला निर्माण तथा विरुवावासीको जीवनस्तरमा त्यसको सकरात्मक प्रतिफल देखिन थालेको छ । स्थानीय स्तरमा रोजगारीका अवसरहरु सिर्जना गरी गरिबी, विपन्नता, निरक्षरता र पछौटेपनको अन्त्य गर्न गाउँपालिका प्रतिवद्ध रहेको छ । विरुवा

गाउँपालिका अन्तर्गत आधारभूत शिक्षा तथा प्राथमिक स्वास्थ्य सेवामा पहुँच र सामाजिक सुरक्षाको प्रत्याभूति सुनिश्चित हुँदै गएको छ ।

४. अब म आगामी आर्थिक वर्षको लागि योजना तथा कार्यक्रमहरूको तर्जूमा गर्दा अपनाइएका मुख्य मुख्य आधार तथा विधिहरूको यहाँहरू समक्ष संक्षेपमा विवेचना गर्न चाहन्छु ।

५. नेपालको केन्द्रीकृत शासन व्यवस्थालाई संघीय शासन व्यवस्थामा रूपान्तरण गर्ने गरी नेपालको संविधान जारी भई लागू भएको हामीहरू सबैलाई विदितै छ । सोही शिलशिलामा केन्द्रमा रहेका अधिकार स्थानीय सरकारहरूमा हस्तान्तरण भईरहेको विद्यमान अवस्था छ । स्थानीय सरकारहरूको गठन पश्चात प्रत्येक वर्ष आषाढ १० गते भित्र स्थानीय सरकारहरूले आगामी आर्थिक वर्षका लागि नीति, योजना तथा कार्यक्रमरू आ-आफ्नो सभामा पेश गर्नु पर्ने कानूनी व्यवस्था रहेकोमा मिति २०८०।०३।०९ गते बसेको गाउँ सभा बैठक गणपुरक संख्या नपुगी स्थगित भई आज मिति २०८०।०३।२९ गते बसेको तेह्रौ गाउँ सभाको दोस्रो बैठकमा आगामी आ.व. २०८०।८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु ।

६. आगामी आर्थिक वर्षका लागि बस्तीस्तरबाट योजना तथा कार्यक्रमहरू तयार भई वडा समितिहरूले ती योजना तथा कार्यक्रमहरूलाई विषयगत समितिको बैठकमा समेत छलफल भई प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जूमा समितिमा पठाउने व्यवस्था मिलाइएको छ । सो कार्यपूर्व गाउँपालिकाले संघ तथा प्रदेश सरकारबाट यस गाउँपालिकाको लागी समानीकरण,सशर्त,विशेष,समपुरक अनुदान र राजश्व बाँडफाँड मार्फत आगामी आ.व. को लागि सिलिङ उपलब्ध गराएको थियो । उपाध्यक्षको संयोजकत्वमा रहेको राजश्व परामर्श समितिबाट करका दरहरू सहित आगामी आर्थिक वर्षका लागि आन्तरिक आयको प्रक्षेपण भएको छ । श्रोत अनुमान समितिको आन्तरिक आय प्रक्षेपण तथा संघ तथा प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङको दायरामा रही गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा रहेको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी आर्थिक वर्षका लागि कूल सिलिङ निर्धारण गरेको छ । गाउँ कार्यपालिकामा बजेट निर्माणका लागि विभिन्न विषयगत समितिहरू तथा विषयगत क्षेत्र समूहहरूको गठन गरिएको छ । वडा स्तरबाट प्राथमिकीकरण गरि पठाएका योजनाहरूलाई कार्यपालिका अन्तर्गतका विभिन्न समितिहरू तथा समूहरूमा छलफल गरी प्राप्त सुझावहरुलाई समेत समेटी बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आगामी आर्थिक वर्षको लागि बजेट तर्जूमा गरी कार्यपालिकाको बैठकबाट पारित भई छलफलका लागि आजको यस गरिमामय सभामा पेश गरिएको छ ।

७. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयार पार्दा निम्नानुसारका कानून/ नीति तथा दस्तावेजहरूको सहयोग लिइएको छ ।

- नेपालको संविधान
- नेपाल सरकारको पन्ध्रौं योजना( २०७६/७७-२०८०/८१) को आधारपत्र
- विरुवा गाउँपालिकाको आवधिक योजना मस्यौदा प्रतिवेदन,(२०८०/८१-२०८४/८५)
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- विरुवा गाउँपालिकाको  सार्वजनिक खरिद नियमावली, २०७६
- स्थानीय तहको वार्षिक योजना, बजेट तर्जूमा दिग्दर्शन(परिमार्जित),२०७८
- नेपाल सरकारको आर्थिक वर्ष ०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम
- नेपाल सरकारको आर्थिक वर्ष०८०/८१  को बजेट वक्तव्य
- गण्डकी प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम
- गण्डकी प्रदेश सरकारको वजेट वक्तव्य
- विरुवा गाउँपालिकाको आर्थिक वर्ष ०८०/८१ को नीति तथा कार्यक्रम
- नेपाल सरकारले बेला बेला गरेका नीतिगत निर्णयहरू
- आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७
- सार्वजनिक खर्चमा मितव्ययीता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५
- दिगो विकास लक्ष्यहरू
- बजेट तर्जूमा सम्बन्धी प्रचलित नेपाल कानूनका सान्दर्भिक दफा तथा नियमहरू।
- नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा जनाएका प्रतिवद्धताहरु।

८. अब म चालु आ.व.को बजेट कार्यान्वयनको बारे विवेचना गर्न चाहान्छु । नेपालको वर्तमान अवस्थामा देखिएको वित्तीय समस्याहरुका कारण अर्थतन्त्र संकुचित हुन पुग्यो । विश्व व्यापार र आर्थिक गतिविधमा आएको शिथिलता र रोजगारीको अवसरहरु न्यून हुन पुगे । रोजगारी र आयमा कमि आए सँगै गरिबी र असमानता वृद्धि भई कम आय भएका मानिसहरुको दैनिक जीवनयापन कष्टकर हुन पुग्यो। आगामी दिनमा कोभिड-१९ को प्रभाव अर्थतन्त्रमा कम हुँदै जाने पूर्वानुमान रहेता पनि रसिया-युक्रेन युद्ध लम्बिन सक्ने र रसिया माथि थप प्रतिबन्ध लागेमा पेट्रोलियम पदार्थको मुल्य वृद्धि हुन सक्ने अनुमानको आधारमा विश्व अर्थतन्त्र २.८ प्रतिशतले मात्र विस्तार हुने प्रक्षेपण अन्तराष्ट्रिय मुद्रा कोषले गरेको छ ।कोभिड- १९  माहामारीको प्रभाव क्रमश न्यून हुदै गएको र  उर्जा क्षेत्रमा उत्साहप्रद विस्तार हुदा नेपालको अर्थतन्त्र २०८०/२०८१ मा २.१६ प्रतिशतले विस्तार हुने अनुमान तथा प्रक्षेपण संघीय अर्थ मन्त्रालयले गरेको छ।

९. विरुवा गाउँपालिकाले चालु आ.व.मा गाउँपालिकाको मुख्य प्रशासकीय भवन निर्माण अन्तिम चरणमा पुगेको छ। यो भवन सम्पन्नता पश्चात सेवा प्रवाहमा  थप सरलीकृत तथा चुस्तदुरुस्त हुने अपेक्षा गरिएको छ । यस आर्थिक वर्षमा विरुवा गाउँ कार्यपालिका र अन्तर्गतका वडा कार्यालयका काम कारवाहीलाई सुचना प्रविधि मैत्री बनाउने कार्यमा अत्यन्तै सफलता प्राप्त भएको छ। सम्पुर्ण वडामा ईन्टरनेटको पहुँचको व्यवस्था मिलाई व्यक्तिगत घटनादर्ता प्रणालीलाई

पुर्णतया अनलाईन मा आधारित गराईएको छ भने पुरानो घटना दर्ता डिजिटाईजेसनको कार्य सम्पन्न भएको छ । आन्तरिक कर संकलन कार्यको निम्ति पुर्ण रुपले अनलाईन वेब बेसमा आधारित सफ्टवेयर जडान गरी सम्बन्धित कर्मचारीलाई तालिम समेत प्रदान गरी सञ्चालनमा ल्याईएको छ । लेखा प्रणालीलाई थप व्यवस्थित बनाउदै भुक्तानी प्रकृयामा सुत्र प्रणाली मार्फत विद्युतीय कारोबार(EFT) संचालनमा ल्याईएको छ ।

१०. यस गाउँपालिका अन्तर्गत आधारभुत शिक्षा, प्राथमिक स्वास्थ्य सेवाको सुनिश्चितताको निम्ति यथेष्ठ कार्यक्रम कार्यान्वयनमा ल्याईएको छ । चालु आ.व.मा पालिका भित्रका ६ वटा स्वाथ्य्य चौकीमा ल्याव स्थापना गरी कार्यन्वयनमा ल्याइएको छ । कक्षा ८ को अन्तिम परिक्षा पालिका स्तरवाट संचालन भएको छ तथा पालिका भित्रका १० वटा आधारभूत विद्यालयमा नमुना बाल विकास केन्द्र निर्माण गरिएको छ । यस आ.व.मा अधिकांश बजेट पुर्वाधार निर्माण कार्यमा विनियोजन गरेको तथा जनताका आकंक्षा समेत पुर्वाधार तर्फ सडक निर्माणमा रहेकोले ठूलो आकारको बजेट स्थानीय पुर्वाधार सडक निर्माण कार्यमा खर्च भएको छ ।

११. पशु तथा कृषि विकास सम्बन्धि कार्यक्रमहरु, एक वडा एक नमुना कृषि कार्यक्रम, उपाध्यक्ष महिला उद्यमशील कृषि कार्यक्रम, युवा सीप विकास तथा रोजगार प्रवर्द्धन कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा ल्याई रोजगारी सृजना गरिएको छ ।

१२. पर्यटनको विकास गरी यस गाउँपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न योजना सञ्चालनमा ल्याईएको छ । यसै गाउँपालिकाको पर्यटकीय सम्भावना भएको मनकामना मन्दिरको पुर्ननिर्माणको कार्यलाइ अगाडी बढाउदै पर्यटन प्रवर्द्धनको लागि उक्त मन्दिर नजिकै गहते मनकामना र सपाउदे होमस्टे सञ्चालनमा ल्याईएको छ ।

१३. यस आ.व.मा अति विपन्न परिवार, दलित, आदिवासी जनजाती, महिला बालबालिका जेष्ठ नागरिक लक्षित कार्यक्रम सञ्चालनमा ल्याईएको छ ।

**अध्यक्ष महोदय,**

१४. अब म आर्थिक बर्ष २०८०/८१ को बजेटका उदेश्य तथा प्राथामिकताहरु यस सभा समक्ष पेश गर्दछु ।

**बजेटका उदेश्यहरुः**

क. स्वास्थ्य, शिक्षा, यातायात, वातावरण संरक्षण लगायतका नागरिकका मौलिक हकहरुको परिपुर्ति गर्दै विरुवा गाउँपालिका बासिको जिवन स्तरमा गुणात्मक सुधार ल्याउने ।

ख. गाउँपालिकामा उपलब्ध सिमित स्रोत, साधन, जनशक्ति तथा क्षमताको अधिकतम सदुपयोग गर्दै सामाजिक न्याय सहितको समतामुलक समाजको निर्माण गर्ने ।

ग. आधारभुत भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधारहरुको विकास गरि "**समृद्ध विरुवा, सुखि विरुवाबासी**" को लक्ष्य हासिल गर्ने ।

**बजेटका उदेश्यहरु हासिल गर्न तपशिल बमोजिमका प्राथामिकताहरु निर्धारण गरेको छ ।**

क. व्यक्तिगत कृषक, कृषक समुह तथा सहकारीहरुको परिचालन मार्फत कृषिको व्यावसायीकरण गरि कृषि जन्य उत्पादनमा आत्मनिर्भर वनाउने ।

ख. युवा परिचालन, उद्यमशिलताको विकास, साझेदारी तथा स्वरोजगारका कार्यक्रम मार्फत रोजगारी अभिवृद्धि गर्ने ।

ग. गाउँपालिकालाई जिल्ला सदरमुकाम जोड्ने र गाउँपालिकालाई वडा कार्यलयसंग जोड्ने रणनीतिक महत्वका सडक पूर्वाधारको विस्तार र संरक्षण गर्ने ।

घ. स्वास्थ्य संस्थाहरुको स्थापना, स्तरोन्नती, पूर्वाधार विकास र आवश्यक जनशक्तिको व्यवस्था गरि गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने ।

ङ. विद्यालयहरुको भौतिक पुर्वाधारको सुधार, प्रविधिमैत्री शिक्षण सिकाईको प्रवर्द्धन तथा निरन्तर अनुगमन निरीक्षण मार्फत गुणस्तरीय शिक्षाको प्रदान गर्ने ।

च. सार्वजनिक सेवा प्रवाहको लागि आवश्यक भौतिक पूर्वाधार, सुचना प्रविधि र तालिमको व्यवस्था गरि सार्वजनिक सेवालाई छिटो, छरितो ,गुणस्तरीय र पारदर्शी बनाई सुशासन प्रवर्द्धन गर्ने ।

छ. समाजमा वञ्चितीकरणमा परेका वर्ग क्षेत्र र समुदायलाई सम्बोधन हुने गरि सामाजिक सुरक्षा तथा पुर्वाधारहरु विकास गरि गरिबी निवारणमा सहयोग पुर्याउने ।

ज. सडक, खानेपानी,पुल, भवन जस्ता पुर्वाधारहरुको निर्माण गरी आर्थिक विकास र समृद्धि हासिल गर्ने ।

**<u>अध्यक्ष महोदय,</u>**

१५. अब म चालु आर्थिक बर्ष २०७९/८० को अन्त्यसम्ममा भएको आय व्ययको विवरण पेश गर्न अनुमति चाहान्छु । चालु आर्थिक वर्षमा नेपाल सरकार सशर्त अनुदान तर्फ रु **२२ करोड ०६** लाख प्राप्त हुने अनुमान गरिएकोमा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रममा वृद्धि भई रु **२४ करोड ४३ लाख ८७ हजार** प्राप्त भएको छ । चालु आर्थिक वर्षमा गत आर्थिक बर्षबाट खर्च नभई हस्तान्नतरण भएको रकम रु ४ **करोड २५** लाख प्राप्त हुने अनुमान गरिएकोमा उक्त रकम वृद्धि भई रु **४ करोड ८३ लाख ५० हजार** र जिल्ला समन्वय समिति बाट रु **१४** लाख **५०** हजार प्राप्त भएको छ ।त्यस्तै नेपाल सरकार समानीकरण अनुदान तर्फ रु **९ करोड ६४ लाख**, संघीय सरकार राजश्व बाँडफाँड तर्फ रु **७ करोड ५७ लाख ०७ हजार**, गण्डकी प्रदेश समानीकरण अनुदान तर्फ रु **१ करोड ०६ लाख ९७ हजार**, गण्डकी प्रदेश सवारी साधन कर बाँडफाँड तर्फ रु **४३ लाख ९६ हजार** , संघिय समपूरक अनुदान तर्फ **रु ९० लाख**, संघीय विशेष अनुदान तर्फ रु **१ करोड,** गण्डकी प्रदेश समपुरक अनुदान तर्फ **१ करोड ७० लाख** र गण्डकी प्रदेश शसर्त अनुदान तर्फ रु **५० लाख** प्राप्त हुने अनुमान गरेकोमा सोही अनुसार अनुदानहरु प्राप्त भई रहेता पनि नेपालको अर्थतन्त्रमा देखिएको विभिन्न वित्तीय

समस्याहरुका कारणले गर्दा संघ तथा प्रदेश सरकारको वित्तीय समानिकरण अनुदान तर्फको चौथो किस्ताको निकासामा **५० प्रतिशत** रकम कटौती भएको र संघीय तथा प्रदेश सरकारवाट प्राप्त हुने राजश्व वाडँफाड तर्फको रकम अनुमान गरे अनुसारको सवै रकम प्राप्त हुने अवस्था रहेन । यस वाट गाउँपालिकाले तय गरेका केही योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सकिएन ।

१६. जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रमको लागि **१३ करोड ८५ लाख ९७ हजार**, संघीय सरकारबाट प्रशासककीय भवन निर्माणको लागि **रु १५ लाख** र गरिव सँग विश्वेश्वर कार्यक्रमको लागि **४ लाख ६५ हजार** अनुदानहरु प्राप्त भएका छन । यसरी अन्य अनुदान तर्फ कुल **१४ करोड ०५ लाख ६२ हजार** रकम प्राप्त भएको छ ।

१७. चालु आ.व. मा आन्तरिक आम्दानी तर्फ **रु . ९० लाख** प्राप्त हुने अनुमान गरिएकोमा २०८० असार १५ सम्म **रु ५२ लाख ७१ हजार** मात्र संकलन भएको र असार मसान्त सम्म आन्तरिक आम्दानि लक्ष्य अनुसार संकलन हुने अवस्था देखिदैन। गत आर्थिक वर्षको अल्या तर्फ ४ **करोड २५ लाख** बचत हुने प्रारम्भिक अनुमान गरिएकोमा कुल ४ **करोड ८३ लाख ५० हजार** बचत भएको छ । संघिय तथा प्रदेश समानिकरण र राजश्व वाँडफाडमा निकासा कम हुने अवस्था देखिएकोले चालु आर्थिक वर्षको कार्यान्वयन नभएका योजना तथा कार्यक्रमहरुबाट बचत रकम परिचालन गरी राजश्व वाँडफाड र संघिय तथा प्रदेश समानिकरण शिर्षकमा विनियोजित योजना तथा कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाएको छ । सम्पुर्ण प्राप्त अनुदानहरु, आन्तरिक आम्दानी तथा गत वर्षको अल्या बचत रकम गरी चालु आर्थिक बर्षमा विरुवा गाउँपालिकाको कुल बजेट रु. **५४ करोड ८५ लाख ९४ हजार** कायम हुन आएको देखिन्छ।

१८. अब म यस आर्थिक वर्षमा हुने व्ययको अनुमान पेश गर्न अनुमति चाहान्छु । यस बर्षमा सशर्त अनुदान र अन्य अनुदानमा प्राप्त भएको बजेट अन्तरसरकारी वित्तीय हस्तान्तरण सहित जम्मा रु **५४ करोड ८५ लाख ९४ हजार** मध्ये चालु तर्फ **३३ करोड ४२ लाख ८९ हजार** र पुँजीगत तर्फ **१९ करोड ७१ लाख** बिनियोजन भएकोमा यस आ.व. को अन्त्य सम्ममा चालु तर्फ **रु २९ करोड ५१ लाख २४ हजार** खर्च भएको छ, जुन ८८.२८ प्रतिशत हुन आउँछ । त्यस्तै यस आ.व. को अन्त्य सम्ममा पुजिगत तर्फ रु **१४ करोड ४७ लाख २० हजार** खर्च भएको छ, जुन विनियोजित रकमको **७३.४२** प्रतिशत हुन आउँछ । त्यस्तै चालु /पुँजीगत गरी जम्मा **रु ४३ करोड ९८ लाख ४४ हजार** खर्च भएको छ, जुन कुल विनियोजित रकमको **८२.७७** प्रतिशत हुन आउँछ । यसरी चालु पुँजीगतमा गरी कुल रकम रु ४ **करोड** बचत हुन आउने प्रारम्भिक अनुमान रहेकोमा चालु आ.व.मा संचालित क्रमागत योजनाहरुको बचत **रु १ करोड ९ लाख ७० हजार** थप भइ कुल **रु ५ करोड ९ लाख ७० हजार** कायम हुन आएको छ। । यसरी बचत रकम यसै गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ का योजना तथा कार्यक्रममा विनियोजन गर्ने व्यवस्था मिलाएको छु । साथै

क्रमागत योजनाको बचत सोही योजना तथा कार्यक्रममा आवश्यक बजेट सुनिश्चतता गर्ने व्यवस्था मिलाएको छ ।

१९. चालु आ.व.मा संघिय सरकारको समपुरक अनुदान रु. **९० लाख** र गाउँपलिकाको **रु. ९० लाख** गरि **रु. १ करोड ८० लाख**को रहखोला मिलनचोक दम्सिदी बगरीबोट सडक, प्रदेश समपुरक अनुदानको रु **.७० लाख** र गाउँपालिकाको रु **४७ लाख** गरि रु. **१ करोड ३७ लाख** बजेटमा भञ्याङ्ग बाहु विरुवा सडक , प्रदेश सरकारको शसर्त अनुदान **रु ५०** लाख र पालिकाको **रु ५०** लाख गरी रु **१ करोड**को धौवादी विरुवा सडक लगायत योजनाहरुको ठेक्का प्रकृया मार्फत सम्झौता भई निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने संघिय विशेष अनुदानको वास्तराखोला मेमखोला ज्याग्दीखोला नदि नियन्त्रण योजनाको लागि **रु. १ करोड** लागत अनुमान तयार भई ठेक्का प्रकृया मार्फत सम्झौता गरी निर्माण कार्य सम्पन्न भएको छ । यसैगरी पालिकाले छनौट गरेका रणनितिक सडकहरुमा पालिकाले आफ्नो बजेट मार्फत **५** वटा सडकहरुलाई प्राथमिकता दिइ निर्माण कार्य अगाडी बढाइरहेको छ । साथै चालु आ.व. मा यस गाउँपालिकाको ८ नं वडा कार्यालय निर्माण कार्य सम्पन्न भएकोले सेवा प्रवाहमा छिटो छरितो सरल र सहज पहुँच पुग्ने अपेक्षा गरिएको छ ।

२०. आयोजनाको आवश्यकता, महत्व र त्यसबाट प्राप्त हुने उपलब्धिको आधारमा योजनाहरुको प्राथमिकता निर्धारण गरि सोको आधारमा बजेट व्यवस्था र कार्यान्वयनको लागि आवधिक योजना तथा विषय क्षेत्रगत योजना निर्माण गरि योजनाबद्ध, मापनयोग्य, सूचकमा आधारीत विकास गर्ने नीति अनुरुप बिरुवा गाउँपालिकाको आवधिक योजना भएको छ। यसले आगामी आ.व बाट बजेट निर्माण र सोको कार्यान्वयनमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ साथै गाउँपालिकाको कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन लगायतका सबै तथाङकहरु संकलनतथा विश्लेषण गरी तथ्याङकमा आधारित विकास र कार्य सम्पादन गर्नको लागि गाउँपालिकाको डिजिटल प्रोफाईल निर्माण कार्य सम्पन्न भएको छ ।

**<u>अध्यक्ष महोदय,</u>**

२१. अब म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८०/८१ को लागि अनुमानित आय व्यय पेश गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्षको लागि अनुमानित कूल बजेट रू. **४८ करोड ७५ लाख ६७ हजार ६ सय** कायम हुने प्रारम्भिक अनुमान छ । जस मध्ये नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान तर्फ **८ करोड ५३ लाख**, नेपाल सरकारबाट सशर्त अनुदान तर्फ **२१ करोड ८५ लाख**, संघीय राजश्व बाँडफाँड तर्फ **७ करोड ४१ लाख ८२ हजार ६ सय**, प्रदेश वित्तीय समानीकरण अनुदान तर्फ **१ करोड ०७ लाख ३० हजार**, प्रदेश राजश्व बाँडफाँड तर्फ **४८ लाख ८५ हजार**, प्रदेश समपुरक अनुदान तर्फ **रु. ५० लाख**, प्रदेश शशर्त **रु ५० लाख**, संघीय विशेष अनुदान तर्फ **रु १ करोड ८० लाख** र संघीय समपुरक तर्फ **रु ५० लाख** यस आ.व. मा बचत **रु ५ करोड ९ लाख ७० हजार** र आन्तरिक आयश्रोत तर्फ **१ करोड** रकम प्राप्त हुने अनुमान गरिएको छ । झट्ट हेर्दा आन्तरिक आयश्रोतको प्रक्षेपण केही

महत्त्वाकांक्षी देखिएतापनि यसलाई सार्थक बनाउन सबै गाउँपालिकाबासी लाई हार्दिक अनुरोध गर्दछु । साथै आगामि आ.व.देखी आन्तरिक आयमा वृद्धि गराउने उदेश्यले घर नक्सा पास अनिवार्य गरेको छु । आन्तरिक आयश्रोत तर्फका करका दरहरू छुट्टै अनुसूचीमा प्रस्तुत गरेको छु । आगामि आ. व. को लागि प्रदेश सरकार बाट प्राप्त हुने विशेष अनुदान प्राप्त नभएकोले माथि अनुमानित कुल बजेट वृद्धि हुने अपेक्षा गरेको छु ।

२२. आगामी आर्थिक वर्षका लागि चालू खर्च तर्फ कूल **रु. ३३ करोड १६ लाख ६२ हजार ६ सय** प्रस्ताव गरेको छु । यस मध्येबाट गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण कर्मचारीहरू र शिक्षकहरुको तलब भत्ता तथा कार्यालय सञ्चालन खर्च समेत प्रस्ताव गरिएको छ । साथै चालु खर्च तर्फ नै जनप्रतिनिधिहरुको सेवा सुविधा समेत प्रस्ताव गरिएको छ ।

२३. आगामी आर्थिक वर्षका लागि पुँजीगत खर्च तर्फ आर्थिक विकास क्षेत्रमा **१४.९७ प्रतिशत**, सामाजिक विकास क्षेत्रमा **२४.३८ प्रतिशत**, भौतिक पुर्वाधार विकास क्षेत्रमा ४७.२३ **प्रतिशत**, वन वातावरण तथा विपद व्यव्यस्थापनमा ७.४४ प्रतिशत , संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्रमा **५.९८ प्रतिशत** गरी कूल **रु. १५ करोड ६२ लाख ५ हजार** रकम विनियोजन गरेको छु ।

२४. आगामी आर्थिक वर्षमा थुप्रै योजनाहरू संघ र प्रदेश सँगको सहकार्यमा सम्पन्न हुनेछन् । त्यस्ता ठूला खालका योजनाहरूमा संघ/ प्रदेश तथा स्थानीय तहको लागत साझेदारी रहने छ । लागत साझेदारीका आयोजनाहरू सम्पन्न गर्नका लागि छुट्टै समपूरक कोषमा **रू १ करोड ३ लाख ५० हजार** बजेट प्रस्ताव गरेको छु ।

२५. गाउँपालिकाको योजना निर्माण प्रकृयालाई विकेन्द्रीत तथा वडाहरूलाई समेत विकास योजनाहरू छनौट गर्न स्वायत्तता मिलोस भनी प्रत्येक वडालाई न्युनतम **रू ३४ लाख देखी अधिकतम रु ४१ लाख**का दरले आयोजना तथा कार्यक्रम छनौट गर्ने व्यवस्था मिलाईएको छ । ती आयोजना तथा कार्यक्रमहरूको लागि कूल **रु. २ करोड ९४ लाख** बजेट विनियोजन गरेको छु । प्रत्येक वडालाई उपलब्ध भएको श्रोत सुनिश्चितताबाट प्राप्त आयोजनालाई हुबहू योजना पुस्तिकामा प्रस्ताव गरि अनुसुचिमा संलग्न गरेको छु ।

**भवन पूर्वाधार**

२६. आगामि आर्थिक बर्षमा गाउँपालिकाको प्रसाशकीय भवन निर्माण सम्पन्न गर्ने गरि **रु. १ करोड २० लाख** बजेट विनियोजन गरेको छु । **वडा नं. १ र ३ को वडा कार्यालय भवन** निर्माणको लागि **रु. ३० लाख** बजेट विनियोजन गरेको छु ।

**सडक पूर्वाधार**

२७. **राङ्खोला धोवादी सडकको ६.२ कि.मी.** लाई **पालिका सदरमुकाम र जिल्ला प्रदेश सदरमुकाम जोड्ने प्रथम प्राथमिकताको सडक** को रुपमा विकास गर्ने निति अनुरुप सो सडकको स्तरोउन्नी सहित कालोपत्रे र ज्याग्दी खोलाको गैरीघाट मोटरेवल पुल निर्माण गर्नको लागि प्रदेश सरकारबाट ठेक्का प्रकृया अगाडी बढेको सम्मानित सभा समक्ष जानकारी गराउँदै सो कार्यको लागि गण्डकी प्रदेश सरकारलाइ हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।साथै

गाउँपालिकाको केन्द्रबाट वडा कार्यालय जोड्ने गाउँपालिकाका रणनीतिक सडकहरु बाह्रै महिना यातायात संचालन गर्न **खाली बिरुवा सडकका लागि रु ५० लाख, ललाङ तर्ले कुसुमभन्ज्याङ सडकका लागि रु ३० लाख, बेलघारी मेथाभुरुङ एलादी रत्ने सडकका लागि रु १ करोड, बिरुवा शिखरशिहं दह सडक स्तरोन्नतीका लागि रु २० लाख, सुरुङ क्वादी सडक स्तरोउन्नती रु ८३ लाख ८५ हजार, राङ्खोला धौवादी विरुवा सडक रु ५० लाख, भन्ज्याङ बाहु विरुवा सडक स्तरोउन्नती रु २५ लाख** विनियोजन गरेको छु । त्यसैगरी पालिका भित्रका अन्य महत्वपूर्ण सडकहरु मध्ये **ज्याग्दी करिडोर सडक अन्तर्गत गोपाले कल्भट निर्माणका लागि रु १० लाख र लाटापिपल कल्भट निर्माणका लागि रु १० लाख, रहखोला मिलनचोक दम्सिदि बगरिबोट सडक रु १० लाख, धौवादी विरुवा सडक स्तरउन्नती रु १० लाख,लाटापिपल धरादी सडक रु १० लाख, यादि कुसुमभन्ज्याङ सडक ९ लाख र पूर्वाधार साझेदारी कार्यक्रमको लागि रु ८ लाख** बजेट विनियोजन गरेको छु । साथै वडा कार्यालयबाट कम्तिमा १ वटा **वडाको रणनीतिक सडक** छनौट गरी प्रत्येक रणनीतिक सडकका लागि कम्तिमा **रु ५ लाख** बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु । साथै अन्य सहायक सडक निर्माण, विस्तार तथा स्तरउन्नतिको निम्ति आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२८. **जनताको योजना जनताकै साझेदारी कार्यक्रम संचालन गरी** विरुवा गाउँपालिका वजार उन्मूख बस्तिहरु जस्तै विरुवा बजार, चिन्नेबास, मेथाभुरुङ, कुसुमभञ्याङका भित्री सडक गाउँपालिकाको ५० प्रतिशत र सम्बन्धित उपभोक्ताको ५० प्रतिशत साझेदारीमा ढलान कार्य गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**कृषि**

२९. विरुवा गाउँपालिकाको समग्र विकासका लागि कृषि, पर्यटन र पुर्वाधार क्षेत्रको विकास नै पहिलो शर्त हो । त्यसैले कृषि क्षेत्रको प्रवर्द्धन तथा परम्परागत कृषि प्रणालीमा आधुनिक प्रविधिको प्रयोग गरी कृषि क्षेत्रको विकासमा टेवा पु-याउने कार्यक्रमहरू लागू गर्ने प्रस्ताव गरेको छु । वडा स्तरबाट श्रोत सुनिश्चित भएका कार्यक्रमहरूलाई निरन्तरताको लागि बजेटको व्यवस्था गरेको छु । कृषि कार्यक्रम को लागि **रु १० लाख**, उपाध्यक्ष महिला विकास कार्यक्रमका लागि **रु. १२ लाख** बजेटको प्रबन्ध मिलाएको छु । वास्तविक कृषकहरुको पहिचान गरी कृषि उत्पादनलाई थप प्रभावकारी बनाउन कृषक अनुदान मा **रु.२० लाख, ५० प्रतिशत** अनुदानमा कृषि विउविजन वितरण, अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार, टनेल हाम्रो तरकारी हजुरको, रैथाने बालि प्रवर्द्धन साथै पशु औषधी तथा कार्यक्रमको निम्ति आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**पर्यटन**

३०. विरुवा गाउँपालिकामा पर्यटक आगमनलाई प्रवर्द्धन गर्न विशेष कार्यक्रमको प्रस्ताव गरेको छु । । वडा नं. ७ को अति महत्वपूर्ण, यस गाउँपालिकाको धार्मिक आस्थाको धरोहर मनकामना मन्दिरको पुर्ननिर्माणको चरणलाई पुरा गर्न **रु १० लाख** बजेट विनियोजन गरेको छु ।

**शिक्षा**

३१. विरुवा गाउँपालिकाको शिक्षालाई गुणस्तरीय, प्रर्तिस्पर्धी, व्यावसायिक बनाउन आवश्यक बजेट विनियोजन गरेको छु । यस वर्ष नमुना बाल विकास केन्द्र स्थापनालाई निरन्तरता दिदै आवश्यक बजेटको व्यवस्था गरेको छु । साथै विरुवा बहुमुखि क्याम्पस, भुरुङचौकी मा. वि. र अन्य विद्यालयहरु लाई आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३२. **हामी बनाउछौं हाम्रो बिद्यालय राम्रो बिद्यालय"** अभियान सञ्चालन गरि सबै गाउँबासिलाइ सामुदायिक बिद्यालयको विकासको लागि जवाफदेही, जिम्मेवार र उत्प्रेरित गर्न आवश्यक व्यवस्था गरेको छु।

३३. शिक्षा अत्यन्तै महत्वपुर्ण क्षेत्र हो । माध्यामिक तहसम्मको शिक्षाको व्यवस्थापनको अधिकार तथा कर्तव्य स्थानीय तहको हो । आगामी वर्षमा यस गाउँपालिका अन्तर्गत सम्पुर्ण विद्यालयलाई विद्यालय व्यवस्थापन सुचना प्रणालीमा आवद्द गरी गाउँ कार्यपालिकाको कार्यालयबाट नै नियन्त्रण, अनुगमन, मुल्याङ्कन,तथ्याङ्क प्राप्त गर्ने व्यवस्था मिलाएको छु । गत आ.व.मा प्रारम्भिक बालबिकास कक्षाका सहजकर्ताहरुको प्रोत्साहनको लागि संघीय सरकारले प्रदान गरेको **रु ८ हजार** तलबमानमा **रु ७ हजार** थप गरी न्युनतम पारिश्रमिक सुनिश्चितताालाई निरन्तरता दिईएको छ । आदिवासी जनजातीको वाहुल्यता रहेको यस गाउँपालिका मा उनीहरुको भाषा संस्कृति संरक्षणको निम्ति जनप्रिय पिपलभञ्ज्याङ आ.वि., बाहुँमा मगर भाषा कक्षा सञ्चालनको निरन्तरताको व्यवस्था मिलाएको छु । साथै अन्य विद्यालयको क्षमता वृद्धि तथा शैक्षिक गुणस्तर अभिबृद्धिको निम्ति आवश्यक बजेट व्यवस्था मिलाएको छु । विद्यालय व्यबस्थापन समिति, प्र.अ. तथा लेखा कर्मचारीलाई तालिमको लागि बजेटको व्यवस्था मिलाएको छु । साथै विद्यार्थीलाई अतिरिक्त बाह्य क्रियाकलापमा समेत सक्रिय गराउन तथा उत्कृष्ट शिक्षक, बिद्यार्थी तथा बिद्यालयलाई प्रोत्साहनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**भाषा तथा संस्कृति**

३४. चालु आ.व.मा विरुवा प्रज्ञा प्रतिष्ठान गठन भएकोमा उक्त प्रतिष्ठानलाई व्यवस्थित र सकृय बनाउदै स्थानीय कला, धर्म, भाषा- संस्कृति प्रवर्द्धनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**स्वास्थ्य**

३५. यस गाउँपालिका अन्तर्गत सबै स्वास्थ्य चौकीमा अति आवश्यक औषधिहरुको सहज उपलब्धता हुने गरि बजेट विनियोजन गरेको छु । साथै आकष्मिक रुपमा बिरामीलाई उच्च स्तरको स्वास्थ्य केन्द्रमा लैजानको निम्ति एम्वुलेन्स संचालनमा आई सेवा प्रवाह गरिरहेको

छ । महिला स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहनका लागि **रु ९ लाख** साथै सरसफाई कार्यक्रमको निम्ति आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

३६. एक वडा एक स्वास्थ्य चौकीको अवधारणा अनुरुप आगामी आ.व.मा राङभाङ स्वास्थ्य चौकी भवन निर्माण कार्यको लागी संघीय सरकार विशेष अनुदान मार्फत **रु ८०** लाख बजेट सुनिश्चता भएको जानकारी गराउदछु ।

**<u>अध्यक्ष महोदय,</u>**

**महिला बालबालिका जेष्ठ नागरिक**

३७. लक्षित वर्गको क्षमता विकास, सामाजिक उत्थान, समावेशीकरण, लक्षित कार्यक्रमको निम्ति बजेटको व्यवस्था गरेको छु । दलित वर्ग, अशक्त अपाङ्ग, जेष्ठ नागरिक, आदिवासी जनजाती, लैङ्गिक रुपमा पिछडिएको वर्ग, महिला विकास तथा बालबालिका सम्बन्धि कार्यक्रमको निम्ति आवश्यक बजेटको व्यवस्था मिलाएको छु । साथै पालिका भित्रका अभिभावक विहिन बालबालिकाहरुको अभिभावकत्व गाउँपालिकाले ग्रहण गरी कक्षा १२ सम्मको निशुल्क शिक्षाको व्यवस्था मिलान आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३८. दलित, आदिबासी जनजाति, गरिब तथा आर्थिक र सामाजिक रुपले पछाडि परेका युवाहरुलाई सरकारी सेवामा आकर्षित **गरी एक टोल एक सरकारी जागिर कार्यक्रम** संचालन गर्न आवास्यक बजेटको ब्यावस्था गरेको छु ।

३९. जेष्ठ नागरिकका ज्ञान सिप तथा अनुभवहरु नयाँ पुस्तामा पुस्तान्तरण गर्नको लागि त्रैमासिक रुपमा हरेक वडामा **जेष्ठ नागरिक संग एक दिन** कार्यक्रम सञ्चालन गर्न आवस्यक बजेटको ब्यवस्था गरेको छु ।

**युवा तथा खेलकुद**

४०. युवा वर्गमा उद्यमशिलता जागृत गराउनको निम्ति युवा आयआर्जन कार्यक्रम र युवा स्वरोजगार कार्यक्रमको निम्ति आवश्यक बजेट व्यवस्था मिलाएको छु । प्रधानमन्त्री रोजगार कार्यक्रमलाई स्थानीय तहका योजना तथा कार्यक्रममा आबद्ध गर्दै लैजान आवश्यक व्यवस्था मिलाईनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रमसँग गाउँपालिकाले साझेदारी गर्न को लागि **रु. ८ लाख** बजेट प्रस्ताव गरेको छु । खेलकुद विकास को निम्ति अध्यक्ष कप खेलकुद तथा विद्यालय स्तरीय स्काउट कार्यक्रम समेत गरी **रु १०** लाख र राट्रपति रनिङ शिल्ड प्रतियोगिताको निम्ति **रु ५ लाख** बजेट व्यवस्था गरेको छु । विभिन्न खेल मैदान निर्माण र स्तरोन्नतीको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**संस्थागत सुशासन र सेवा प्रबाह**

४१. गाउँपालिका लगायत अन्तर्गतका कार्यालयमा कर्मचारी दरबन्दी व्यवस्थापन गर्न यसै आर्थिक बर्षमा O & M Survey भई सांगठनिक पुर्नसंरचना गरिएको छ । साथै आगामी आ.व.मा कर्मचारी / जनप्रतिनिधि क्षमता विकास तथा अन्तर स्थानीय तह सिकाई भ्रमणको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४२. आवधिक योजनालाई मुर्त रुप दिन तथा बजेट निर्माण प्रकृयालाई थप व्यवस्थित बनाउन मध्यकालिन खर्च संरचना निर्माणको लागि आवश्यक बजेटको व्वबस्था गरेको छु ।

४३. कार्यालयका काम कार्बाहीलाई सुचना प्रविधिमैत्री बनाई विद्युतीय सुशासन अभिवृद्धि गर्नको निम्ति आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

४४. जनताका गुनासाहरु प्रत्यक्ष रुपमा सम्बोधन गर्ने प्रयोजनको निम्ति जनतासँग जनप्रतिनिधी कार्यक्रम सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था मिलाएको छु । साथै योजना संचालनमा सहयोग होस भन्ने उदेश्यले उपभोक्ता समितिलाई तालिमको व्यवस्थाको लागि वजेटको व्यवस्था मिलाएको छु ।

**विपद् व्यवस्थापन**

४५. नदिजन्य जल उत्पन्न प्रकोप नियन्त्रणको लागि संघीय सरकार बाट विशेष अनुदानको रुपमा विरुवा गाउँपालिकाका मुख्य खोलाहरु बास्तारा खोला, म्याङ खोला तथा ज्याग्दी खोला नदी नियन्त्रणको लागि **रु १ करोड** बजेट व्यवस्था गरेको छु । प्रकोप व्यवस्थापनको लागि रू **१५ लाख** र आकस्मिक परिस्थितिजन्य निर्माण उद्धारको लागि रू **१० लाख** बजेटको व्यवस्था मिलाएको छु ।

**अध्यक्ष महोदय,**

४६. आगामी आर्थिक वर्षका लागि क्षेत्रगत रुपमा प्रस्तावित आयोजना तथा कार्यक्रमहरूलाई छुट्टाछुट्टै अनुसूचीमा प्रस्तुत गरेको छु । विस्तृत विवरण अनुसूचीहरूबाट लिन सकिनेछ ।

**अध्यक्ष महोदय,**

प्रस्तुत बजेट तर्जुमाको लागि मार्ग निर्देशन गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, गाउँ र बस्तिहरुमा योजना छनौट गर्न सहयोग पुर्याउने वडा अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, राजनैतिक दलहरु, टोल विकास संस्थाहरु,नागरिक समाज, विभिन्न संघ संस्थाहरु, पत्रकार मित्रहरु, सबै क्षेत्रका विशिष्टीकृत महानुभावहरु एवं राष्ट्र सेवक कर्मचारीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु ।

प्रस्तुत आर्थिक ऐन तथा बिनियोजन ऐनमा व्यवस्था भएको नीति, कार्यक्रम र बजेटलाई गाउँ सभाबाट पारीत गरी प्रस्तुत बजेटको सफल कार्यान्वयनमा सकारात्मक सहयोग गर्नुहुन सम्पुर्ण गाउँ सभा सदस्यज्यूहरुलाई हार्दिक अनुरोध गर्दछु । साथै बजेटको सफल कार्यान्वयनको क्रममा आवश्यक सहयोगको लागि राजनैतिक दलहरु, विभिन्न संघ संस्थाहरु, पत्रकार मित्रहरु, सबै क्षेत्रका विशिष्टीकृत महानुभावहरु एवं राष्ट्र सेवक कर्मचारिहरुमा विशेष अनुरोध गर्दछु । धन्यवाद ।

**भगवती शर्मा**
**उपाध्यक्ष**
**मितिः २०८०।०३।२९**

# विरुवा गाउँपालिकाका

## आर्थिक ऐन २०८०

विरुवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

स्याङ्जा, गण्डकी प्रदेश

२०८० साल असार २९

## विरुवा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

## आर्थिक ऐन-२०८०

**गाउँसभाबाट पारित मितिः २०८०।०३।२९**

**प्रस्तावनाः**

विरुवा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम विरुवा गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि विरुवा गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. यस गाउँपालिकामा अनुसूची १ मा उल्लेख गरिए बमोजिमका कर तथा दस्तुरहरू लिइने छ।

३. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

४. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिका तोके अनुसार हुनेछ।

५. अनुसुचि १ मा समावेश भएका बाहेकका अन्य शिर्षकका करहरु संघिय सरकारले व्यवस्था गरे अनुरुप हुनेछ।

अनुसुचि १

विरुवा गाउँपालिका

**आ ब ०८०।०८१ का विरुवा गाउँपालिकामा लगाइने करका दरहरु:**

| सि.नं | राजस्वको क्षेत्रहरु | चालु आर्थिक वर्षको दर | प्रस्तावित नविकरण शुल्क | प्रस्तावित दर्ता शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | **व्यापारिक वस्तु** | | | | |
| | डिलरसिप सबै प्रकारका | १५०० | १५०० | २५०० | |
| | डिपार्टमेन्टल स्टोर | १५०० | २००० | ३००० | |
| | सवारी साधन विक्रेता | | | | |
| | साइकल | १००० | १००० | २००० | |
| | मोटर साइकल | ३००० | ३००० | ४००० | |
| | निर्माण सामग्री, कम्प्यूटर, विद्यूत सामान, क्यामेरा,टेलिभिजन, रेडियो, कार्पेट,पेट्रोलियम पदार्थ | १००० | १००० | २००० | |
| | पेट्रोल पम्प | २५०० | २५०० | ३५०० | |
| | हार्डवोयर पसल सबै भाडाबर्तन | ३००० | ३००० | ४००० | |
| | फेन्सी जुत्तापसल समेतका मिश्रीत पसल | २००० | २००० | ३००० | |
| | दैनिक उपभोग्य सामान | १००० | १००० | २००० | |
| | दैनिक उपभोग्य सामानको थोक विक्रेता | २००० | २००० | ३००० | |
| | साना किराना पसल खुद्रा | ८०० | ८०० | १८०० | |
| | फलफूल तथा तरकारी पसल | ५००-१००० | १५०० देखि २५०० | १५०० देखि २५०० | |
| | मिनी फेन्सी पसल | १००० | १००० | २००० | |
| | सून पसल | ३,००० | ३००० | ४००० | |
| २ | **निर्माण व्यवसाय** | | | | |
| | गाउँपालिका क्षेत्रमा प्रधान कार्यालय भएका निर्माण व्यवसायी | | | | |
| | **घ** वर्ग | २२०० | ५००० | २०००० | |
| ३ | **उत्पादनमूलक उद्योग** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | साना घरेलु उद्योग मैनवत्ती बेसार मसला दुनाटपरी | ५०० | ५०० | १५०० | |
| | कापी उद्योग | २००० | २००० | ३००० | |
| ४ | **कृषि तथा वनजन्य उद्योग** | | ० | | |
| | तोरी पेल्ने मील | १००० | १००० | २००० | |
| | कुटानी पिसानी घरायसी २ फेज बाट चल्ने मिल | ५०० | ५०० | १५०० | |
| | कुटानी पिसानी मिल सहित तेल पेल्ने मिल | २००० | २००० | ३००० | |
| | कुटानी पिसानी मिल | १००० | १००० | २००० | |
| | फर्निचर उद्योग | ३००० | ३००० | ४००० | |
| | पशु दाना उद्योग | १५०० | १५०० | २५०० | |
| | पोल्ट्री फर्म उच्च | १५०० | १५०० | २५०० | |
| | पोल्ट्री फर्म सानो | १५०० | १५०० | २५०० | |
| | वंगुर पालन | १५०० | १५०० | २५०० | |
| | भैंसी पालन व्यवसाय | १५०० | १५०० | २५०० | |
| | गाई पालन व्यवसाय | १५०० | १५०० | २५०० | |
| | वाख्रा पालन व्यवसाय | १५०० | १५०० | २५०० | |
| | माछापालन व्यवसाय | १५०० | १५०० | २५०० | |
| | स- मील | ३००० | ३००० | ४००० | |
| ५ | **पर्यटन उद्योग** | | | | |
| | होटल मध्ययम | १५०० | १५०० | २५०० | |
| | होटल सानो | १००० | १००० | २००० | |
| | अन्य स-साना चिया  खाजा तथा खाना पसल | ८०० | ८०० | १८०० | |
| | रेष्टुरेन्ट एण्ड वार | १५०० | १५०० | २५०० | |
| | लज | ३००० | ३००० | ४००० | |
| | गजल/ दोहोरी रेष्टुरेन्ट | ३५०० | ३५०० | ४५०० | |
| | मेला/महोत्सव इजाजत शुल्क | २००० | २००० | ३००० | |
| ६ | **सेवा उद्योग** | | | | |
| | अपसेट प्रेस | २५०० | २५०० | ३५०० | |
| | लेटर प्रेस | १३०० | १३०० | २३०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | चलचित्र भिडियो | १००० | १००० | २००० | |
| | सार्वजनिक परिवहन सेवा/ गाउँपालिका भित्र प्रधान कार्यालय भएको | ५००० | ५००० | ६००० | |
| | सार्वजनिक परिवहन सेवा/ गाउँपालिका भित्र शाखा कार्यालय भएको | ३००० | ३००० | ४००० | |
| | फोटोग्राफी | १००० | १००० | २००० | |
| | प्रयोग शाला | १२०० | १२०० | २२०० | |
| ७ | **निर्माण उद्योग** | | ० | | |
| | सिमेन्ट ब्लक उद्योग | १५०० | २००० | ३००० | |
| | मेटल/ ग्रील उद्योग | ३००० | ३००० | ४००० | |
| | इट्टा उद्योग/ चिम्नी भट्टा | ३५०० | ३५०० | ४५०० | |
| | इट्टा उद्योग/ साधारण भट्टा | ३००० | ३००० | ४००० | |
| | अन्य उद्योग | १३०० | १५०० | २५०० | |
| ८ | **सञ्चार सेवा** | | | १००० | |
| | निजी मोबाइल सेवा केन्द्र | १००० | १००० | २००० | |
| | निजी टेलिफोन तथा फ्याक्स सेवा | १००० | १००० | २००० | |
| | फ्याक्स फोटोकपी तथा प्रिन्टिङ् | १००० | १००० | २००० | |
| | मोवाइल फोन विक्री, मर्मत | १५०० | १५०० | २५०० | |
| | कुरियर सेवा | ५०० | ५०० | १५०० | |
| | साइवर सेवा | १२०० | १२०० | २२०० | |
| | छपाई तथा प्रकाशन | १००० | १००० | २००० | |
| | फोन इनक्काएरी | ८०० | ८०० | १८०० | |
| | मोबाइल टावर | २००० | २००० | १०००० | |
| ९ | **वित्तीय सेवा** | | | | |
| | आर्थिक कारोबार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | १०००० | १०००० | ११००० | |
| | वित्तीय कम्पनीको शाखा/ उपशाखा कार्यालय | ५००० | ५००० | ६००० | |
| | वाणिज्य बैंक क वर्ग शाखा | ७५०० | ७५०० | ८५०० | |
| | विमा कम्पनी | ५५०० | ५५०० | ६५०० | |
| | विदेशी मुद्रा सटही | २००० | २००० | ३००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | मनी ट्रान्सफर | ३००० | ३००० | ४००० | |
| | धितो पत्र कारोबार | १५०० | १५०० | २५०० | |
| | सहकारी संस्था ३ करोड बढी वार्षिक कारोबार हुने | ४००० | ४००० | ५००० | |
| | सहकारी संस्था अन्य | २५०० | २५०० | ३५०० | |
| | निजी क्षेत्रका बाणिज्य बैकहरू | ७५०० | ७५०० | ८५०० | |
| | निजी क्षेत्र समेतको स्वामित्वमा रहेका बैंकका शाखा कार्यालयहरू | ५००० | ५००० | ६००० | |
| | विमा कम्पनीका शाखा वा सम्पर्क कार्यालयहरू | २५०० | २५०० | ३५०० | |
| | सर्भेयर सेवा केन्द्र | १३०० | १३०० | २३०० | |
| १० | **स्वास्थ्य सेवा** | | | | |
| | गैह् सरकारी अस्पताल | ५००० | ५००० | ६००० | |
| | सामुदायिक अस्पताल | ३००० | ३००० | ४००० | |
| | निजीस्तरका अस्पताल तथा रिसर्च सेन्टर | ५००० | ५००० | ६००० | |
| | नर्सिङ होम | ५००० | ५००० | ६००० | |
| | ल्याव तथा क्लिनिक | २००० | २००० | ३००० | |
| | होमियोप्याथी तथा प्राकृतिक चिकित्सा क्लिनिक | १००० | १००० | २००० | |
| | औषधी पसल थोक | २५०० | २५०० | ३५०० | |
| | औषधी पसल खुद्रा | १५०० | १५०० | २५०० | |
| | औषधी पसल आयुर्वेद | १२०० | १२०० | २२०० | |
| | औषधी पसल पशुस्वास्थ्य | १२०० | १२०० | २२०० | |
| | पशु पंक्षी दाना पसल | १३०० | १३०० | २३०० | |
| | जडी बुटी पसल | ५५० | ५५० | १५५० | |
| | **विशेषज्ञ सेवा तथा अन्य व्यवसायिक सेवा** | | | | |
| | चिकित्सक | २००० | २००० | ३००० | |
| | दन्त चिकित्सक रिसर्च | १५०० | १५०० | २५०० | |
| | पशु चिकित्सक | १००० | १००० | २००० | |
| | कविराज | ७०० | ७०० | १७०० | |
| | इन्जिनियर | १५०० | १५०० | २५०० | |
| | कानून व्यवसायी | १५०० | १५०० | २५०० | |
| | लेखापरिक्षक | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क वर्ग | १५०० | १५०० | २५०० | |
| | ख वर्ग | १२०० | १२०० | २२०० | |
| | ग वर्ग | ९०० | ९०० | १९०० | |
| | घ वर्ग | ७०० | ७०० | १७०० | |
| | विमा एजेण्ट | ५०० | ५०० | १५०० | |
| | सर्भेयर | १००० | १००० | २००० | |
| | अनुवादक | ७०० | ७०० | १७०० | |
| | नोटरी पब्लिक सेवा | ७०० | ७०० | १७०० | |
| | अनुसन्धानकर्ता तथा परामर्श दाता/ भाषा अनुवादक समेत | १००० | १००० | २००० | |
| | कम्प्यूटर एनालिष्ट तथा प्रोग्रामर | १००० | १००० | २००० | |
| | शेयर दलाल | १००० | १००० | २००० | |
| | सामान ढुवानी कर्ता कम्पनी | २००० | २००० | ३००० | |
| | संस्थागत पेन्टर | ५२०० | ५२०० | ६२०० | |
| | **शिक्षा सेवा** | | | | |
| | निजी क्षेत्रका स्कूल, क्याम्पस, विश्वविद्यालय | | | | |
| | निजी क्षेत्रका क्याम्पस र प्लस टू | ३००० | ३००० | ४००० | |
| | निजी क्षेत्रका मा.वि. स्कूल | २५०० | २५०० | ३५०० | |
| | निजी क्षेत्रका आधारभूत विद्यालय | १५०० | १५०० | २५०० | |
| | निजी क्षेत्रका पूर्व प्राथमिक विद्यालय | १५०० | १५०० | २५०० | |
| | निजी क्षेत्रका होस्टेलहरू | १५०० | १५०० | २५०० | |
| | तालीम तथा अनुसन्धान केन्द्र | २००० | २००० | ३००० | |
| | निजी प्राविधिक शिक्षालय | २००० | २००० | ३००० | |
| | टाइपिङ, कम्प्यूटर तथा भाषा प्रशिक्षण केन्द्र संस्था | १००० | १००० | २००० | |
| | टाइपिङ | १५०० | १५०० | २५०० | |
| | कम्प्यूटर टाइपिङ | १००० | १००० | २००० | |
| | ट्यूसन तथा कोचिङ सेन्टर | २००० | २००० | ३००० | |
| | भाषा प्रशिक्षण केन्द्र | २००० | २००० | ३००० | |
| | **कक्षाथप अनुमति** | | | | |
| | मन्टेश्वरी | २००० | २००० | ३००० | |
| | **सामुदायिक** | | | | |
| | आधारभुत विद्यालय | ५०० | ५०० | १५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | माध्यामिक विद्यालय | १००० | १००० | २००० | |
